*"स्वच्छ, सफा, हराभरा, शान्त, सुरक्षित मनोहर बस्ती हाम्रो अभियान ।*
*यो सम्भव छ जबसम्म रहन्छ सबैको साथ, सहयोग र योगदान ॥"*

# सिनामंगल नगरसेवा समाज

# एक चिनारी २०७९





**सिनामंगल नगरसेवा समाज**
मनोहर बस्ती (प्लानिङ क्षेत्र), पुरानो सिनामंगल,
काठमाडौं महानगरपालिका वडा नं. ३२, काठमाडौं

# हार्दिक मंगलमय शुभकामना



हिन्दुहरूको महान पर्व विजयादशमी,
शुभ दीपावली, छठ पर्व २०७९
तथा नेपाल सम्वत् ११४३



को उपलक्ष्यमा समस्त वडावासी, महानगरवासी एवम्
देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## काठमाडौं महानगरपालिका

.........................................................................................................

## सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्ती सेवन गर्न निषेध गरिएको बारे काठमाडौं महानगरपालिकाको जरूरी सूचना !

प्रथमपटक प्रकाशित मिति : २०७९/०५/३०

काठमाडौं महानगरपालिका, नगरसभाको ११ औं अधिवेशनबाट सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्ने नीति पारित भएकोले सोको कार्यान्वयन गर्ने उद्देश्यले यो सूचना प्रकाशित गरिएको छ । अतः संवत् २०७९ आश्विन १ गतेबाट सार्वजनिक स्थलमा चुरोट, बिंडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैर्नि, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नसा लिने वा सेवन गर्ने कार्य निषेध गरिएको छ । सार्वजनिक स्थलना धूम्रपान र सुर्तिजन्य पदार्थको प्रयोग नगर्ने, अन्य व्यक्तिबाट हुने प्रयोगलाई निरूत्साहित गर्ने, सार्वजनिक स्थललाई धुम्रपान तथा सुर्तीजन्य पदार्थ मुक्त गर्ने/गराउने कार्यका लागि गरिने नियमन तथा नियन्त्रणसम्बन्धी कार्यमा सहयोग गर्न सम्बद्ध सबैमा अनुरोध गरिन्छ । प्रचलित कानुन, सदाचार र सार्वजनिक हित तथा भलाइका दृष्टिले सार्वजनिक स्थललाई धूम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन नगर्ने स्थल बनाउन काठमाडौं महानगरपालिकाबाट सूचना जारी गरिएकोले यो सूचनाको उल्लङ्घन गरेमा सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने ऐन २०६८ समेतका आधारमा कानून उल्लङ्घन गर्ने व्यक्तिलाई सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा ताकिएबमोजिमको जरिवाना समेत हुने व्यहोरा सूचित गरिन्छ ।

सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्ने उद्देश्यले काठमाडौं महानगरपालिका महानगरवासीमा विशेष आह्वान गर्दछ ।

**काठमाडौं महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

*"स्वच्छ, सफा, हराभरा, शान्त, सुरक्षित मनोहर बस्ती हाम्रो अभियान ।*
*यो सम्भव छ जबसम्म रहन्छ सबैको साथ, सहयोग र योगदान ॥"*

## सिनामंगल नगरसेवा समाज

# एक चिनारी २०७९

**वर्ष १, अंक १**

**सिनामंगल नगरसेवा समाज**
मनोहर बस्ती (प्लानिङ क्षेत्र), पुरानो सिनामंगल,
काठमाडौं महानगरपालिका वडा नं. ३२, काठमाडौं

# हार्दिक मंगलमय शुभकामना



**हिन्दुहरूको महान पर्व**
**विजयादशमी,**
**शुभ दीपावली, छठ पर्व २०७९**
**तथा नेपाल सम्वत् ११४३**



को उपलक्ष्यमा समस्त टोलवासी, नगरवासी एवम्
देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## सिनामंगल नगरसेवा समाज परिवार

**काठमाडौं**


प्रकाशक : सिनामंगल नगरसेवा समाज

सर्वाधिकार : © प्रकाशकमा

प्रकाशन मिति : घटस्थापना, २०७९, असोज १०

सम्पादन/संयोजन : विजयराज पौड्याल

सम्पादन सहयोगी : उर्मिला कँडेल, किरण खनाल, कमला पौडेल, प्रचण्डलाल श्रेष्ठ

भाषा सम्पादन : प्रतीक ढकाल

लेआउट : मिडिया क्याफे, अनामनगर



पत्राचार : ४८६ हिमताज मार्ग, ब्लक ३, मनोहरबस्ती (प्लानिङ), पुरानो सिनामंगल, कामपा ३२

# शुभकामना



**मा. सानुकुमार श्रेष्ठ**
सभामुख, वागमती प्रदेश सभा

सहभागितामूलक विकास र वातावरण संरक्षण नै दिगो विकास हो । बढ्दो शहरीकरण र अस्तव्यस्त विकासलाई व्यवस्थित र सुविधायुक्त कायम गर्न योजनाबद्ध विकासको अवधारणा आएको हो । यसै क्रममा नेपालमा जग्गा एकीकरण आयोजना सञ्चालनको थालनी भएको हो । यस प्रकारका आयोजना समाप्तिपश्चात् मौजुदा पूर्वाधारको संरक्षण र हरियाली विकासका लागि टोल समाज गठनको निकै महत्त्व रहेको हुन्छ । साथै, टोल वा समाजको नियमित बैठक, साधारण सभा र नियमित स्थानीय सरकारसँगको समन्वय र सहजीकरण आजको आवश्यकता हो ।

यसै सन्दर्भका काठमाडौं महानगरपालिका वडा नं ३२ मा विगत वि.सं. २०५३ मा काठमाडौं उपत्यका विकास प्राधिकरणले सिनामंगल जग्गा एकीकरण आयोजना संचालन गरेपश्चात् विकास भएका घडेरीमा घर निर्माण गरेर स्थायी बसोबास गर्दै आएका बासिन्दाको एकमात्र छाता संगठन सिनामंगल नगरसेवा समाज वि.सं. २०५८ मा स्थापना भएको हो । यस सिनामंगल नगरसेवा समाजले आफैंले पनि समाज परिचालन गरी स–साना विकास निर्माण, मर्मत संभार एवं सरसफाइ तथा हरियाली विकासमा लागेको पाइन्छ । यसैगरी यस सिनामंगल नगरसेवा समाजले संघ, प्रदेश र स्थानीय सरकारसँग समन्वय गरी पूर्वाधार विकास, वातावरण संरक्षणलगायत क्षेत्रको विकासमा सहजीकरण गरिरहेको प्रस्तुत पुस्तिकाबाट स्पष्ट भएको छ ।

म पनि काठमाडौं महानगरपालिका वडा नं. ३२ को बासिन्दा भएको नाताले पनि यहाँका गतिविधिहरू नजिकबाट देखेको छु । यस समाजको स्थापनाकालदेखि हालका दिनसम्म आइपुग्दा शहरको मुहार फेर्न निकै लगनशील भई यस समाजले स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिरहेको पाउँदा निकै हर्षित छु । प्रदेश सरकारबाट पनि यस क्षेत्रमा विकासको लागि सक्दो पहल गरेको र आगामी दिनमा पनि हरतरहले साथ रहने प्रतिबद्धता जाहेर गर्दछु । सिनामंगल नगरसेवा समाजले आफ्नो संस्थाको परिचयका साथै विविध सूचना आदान–प्रदान गरी एक ढिक्का भएर समाजको हकहितका कार्य गर्न आगामी दिनमा अझ बढी सफलता मिलोस्, यही मेरो शुभकामना छ ।

*असोज, २०७९*

# मेरो भनाइ



**नवराज पराजुली**
अध्यक्ष, कामनपा वडा नं ३२

अस्तव्यस्त बसोबासलाई व्यवस्थित गर्ने उद्देश्यसाथ काठमाडौं महानगरपालिका वडा नं ३२ मा वि.सं. २०५३ मा काठमाडौं उपत्यका विकास प्राधिकरणले सिनामंगल जग्गा एकीकरण आयोजना सञ्चालन गरेको थियो । बस्तीलाई व्यवस्थित गर्ने खाका कोर्ने बेलादेखि नै मलाई यहाँको विकास निर्माणमा नजिक भएर कार्य गर्ने मौका मिलेको छ । आयोजना सुरू गर्नुको महत्त्व एकातिर छ तर यसको दिगोपनाले अझ बढी अर्थ राख्दछ । यसै परिप्रेक्षमा यस क्षेत्रमा स्थायी बसोबास गर्दै आएका बासिन्दाको छाता संगठन सिनामंगल नगरसेवा समाज वि.सं. २०५८ मा स्थापना भएको हो ।


तीन तहका सरकार खासगरी स्थानीय सरकारसँग अर्थात् काठमाडौं महानगरपालिकासँग समन्वय गरी पूर्वाधार विकास, वातावरण संरक्षणलगायत क्षेत्रको विकासमा सहजीकरण गरिरहेको समाजले आफ्ना गतिविधिहरूको दस्तवेजीकरण गरी यस पुस्तिकामार्फत जनसमक्षमा सार्वजनिक गरेकोमा समाजलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

दिगो विकास आजको आवश्यकता हो । विकास त्यो बेला दिगो हुन्छ जब स्थानीय बासिन्दाको आवश्यकता र मागअनुसार विकास कार्य सञ्चालन गरिन्छ भन्ने कुरामा हामी स्पष्ट छौं । मैले वि.सं. २०५४ सालदेखि नै का.म.पा. ३२ को नेतृत्व गरिरहेका कारणले सिनामंगल नगरसेवा समाजका गतिविधिहरूप्रति उतिबेलादेखि हालका दिनसम्मै जानकार रहेको छु । यस संस्थाले समाजको हकहितमा कार्य गरिरहेकाले धन्यवादको पात्र बनेको छ ।

समाजका आगामी दिनहरू अझ सहभागितामूलक अनि समाजसेवी होऊन्, सफलताको लागि हार्दिक शुभकामना ।

*असोज, २०७९*

# सहरमा समाज सेवा : सूचना प्रवाह, सक्रियता, समन्वय र सहकार्य



**विजयराज पौड्याल**
अध्यक्ष, सिनामंगल नगरसेवा समाज

नेपाल दिगो विकासका लागि अभ्यासरत छ । यस क्रममा नेपालको संविधानले पनि खानेपानी आपूर्ति, स्वच्छ वातावरण कायम, सरसफाइ तथा फोहरमैला व्यवस्थापन, शान्ति सुरक्षा तथा मानव अधिकारसमेतका मौलिक हकको सुनिश्चितता गर्ने भनेर नेपाली नागरिकलाई विश्वास दिलाएको छ । संविधान बमोजिम ऐन र नियमावलीहरू निर्माण गर्दै कार्यान्वयनमा समेत जाँदैछ । काठमाडौं उपत्यकाभित्रका विभिन्न शहरहरूमध्ये काठमाडौंको अस्तव्यस्त शहरीकरणको क्रमलाई बन्द गरी काठमाडौं उपत्यका विकास प्राधिकरणकले वि.स. २०५३ मा काठमाडौं महानगरपालिका वडा नं ३२ पुरानो सिनामंगल क्षेत्रमा सिनामंगल जग्गा एकीकृत आयोजना (प्लानिङ क्षेत्र) संचालन गरेर आवासीय क्षेत्र विकास गरेको छ । आयोजनाको अवधि (वि.स. २०६४सम्म) मा निर्माण कार्यमा र तत्पश्चात मर्मत संभारमा सहजीकरण गर्न वि.स. २०५८ सालमा स्थापना भएको सिनामंगल नगरसेवा समाजले यस क्षेत्रलाई मनोहरबस्ती नामकरण गरेका छौँ । आवासीय क्षेत्रका ढल, बाटो, खानेपानी, विजुली बत्ती, सडक बत्ती, उद्यानजस्ता पूर्वाधारको निर्माण र मर्मत सम्भार तथा हरियाली क्षेत्र एवम् स्वच्छ, सफा वातावरण कामय गरी शान्त र सुरक्षित मनोहरबस्तीका रूपमा विकास गर्न समाज सेवाका रूपमा स्थापनाकालदेखि नै सिनामंगल नगरसेवा समाजका पदाधिकारीहरू संलग्न रहेका छौँ ।

संघीयता कार्यान्वयन गर्ने क्रममा विकास निर्माण र शान्ति सुरक्षामा विभिन्न तहका सरकारको सहयोग र समन्वयको आवश्यकता रहेको हुन्छ । सिनामंगल नगरसेवा समाजका लागि अत्यन्त सरोकार रहेका संघ संस्थाहरू रहेका छन् । सरसर्ती हेर्दा संघ अन्तर्गत जिल्ला प्रशासन कार्यालय काठमाडौं, नेपाल प्रहरी, सडक डिभिजन कार्यालय काठमाडौं, काठमाडौं उपत्यका विकास प्राधिकरण, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, नेपाल विद्युत प्राधिकरण, अधिकार सम्पन्न बागमती सम्यता एकीकृत विकास समिति, नेपाल टेलिकम, नागरिक उड्डयन प्राधिकरण नेपालको कार्यक्षेत्र परेको छ । हाम्रो बसोवास रहेको काठमाडौं महानगरपालिका बागमती प्रदेशभित्र पर्दछ । यस प्रदेश अन्तर्गतका विभिन्न मन्त्रालय र डिभिजन वन कार्यालय, काठमाडौं, शहरी विकास तथा भवन कार्यालय, खानेपानी तथा सरसफाइ आयोजना, पर्यटन कार्यालय, लगायतका कार्यालयहरूको कार्यक्षेत्र रहेको छ । यसैगरी स्थानीय सरकारमा काठमाडौं महानगरपालिकाको कार्यक्षेत्र पर्दछ । नागेश्वर टोल

सुधार सेवा समिति, नागेश्वर व्याडमिन्टन क्लब, पिस फिटनेस सेन्टर लगायत विभिन्न विद्यालय, कलेज, क्लब, समाज तथा संघ संस्थालगायत अन्य गैरसरकारी संस्थाहरू, शान ब्याङकेट, त्रिशक्ति पार्टी प्यालेस, काठमाडौं पार्टी भेन्यु लगायतका निजी व्यवसायसमेत यस क्षेत्रमा संलग्न रहेका छन् । प्लानिङ क्षेत्र सँगसँगै रहेका क्लबहरू खास गरी सिनामंगल युथ क्लब लगायतका संस्थाहरू यही क्षेत्रमा रहेका छन् ।

दिगो विकासको चाहना त्यस बेला मात्र सम्भव हुन्छ जब शहरमा समाज वा प्लानिङक्षेत्रवासी सबैका बीच हरेक कार्यमा सक्रियता रहन्छ । यसका लागि सूचना आदानप्रदान हुनु जरूरी छ । साथै, समाज विकासका लागि सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य पनि त्यत्तिकै जरूरी हुन्छ । सिनामंगल नगरसेवा समाजले समाजका हरेक घरधुरीको सहभागिता बढाउन सूचना प्रवाहका विभिन्न उपायहरू अपनाउँदै आएको छ । विषयवस्तु अनुसारका प्रचार-प्रसारका सामग्री उत्पादन, माइकिङ र घरदैलो भेटघाट गरेर हरेक घरमा सम्भव भएसम्म जानकारी प्रदान गर्ने गरिएको छ । यसका लागि २५ देखि ५० घरधुरीको संलग्नतामा टोल सुधार समिति गठन गर्दै गएका छौँ । टोल सुधार समितिहरूको प्रतिनिधित्व हुने गरी ६ वटै ब्लकहरूमा ब्लक समितिहरू गठन गर्ने प्रयास भइरहेको छ । यसैगरी, हरेक ब्लकमा भएका खुला स्थानको संरक्षण र व्यवस्थापनका लागि उद्यान संरक्षण तथा व्यवस्थापन समिति गठन गरिदै आइएको छ । हरेक ब्लकको प्रतिनिधित्व हुने गरी सिनामंगल नगरसेवा समाजको गठन भएको छ । विभिन्न तहका समिति गठन र संचालनका कारण आपसी चिनजान बढेको, सक्रियता र समन्वय भइरहेको र संचालन भएका कार्यहरूमा सहकार्य र आर्थिक पारदर्शितासमेतबाट सुविधा सम्पन्न मनोहरबस्तीका रूपमा निर्माण गर्न सिनामंगल नगरसेवा समाजले महत्वपूर्ण भुमिका खेलिरहेकै छ ।

शहरको व्यस्त जीवनमा आफ्नो महत्वपूर्ण समय निकालेर समाज सेवा वा स्वंयसेवामा संलग्न हुनका लागि हामी सबैले प्रतिबद्धता र समय व्यवस्थापन गर्नु परेको छ । सिनामंगल नगरसेवा समाजले विभिन्न क्रियाकलापहरू संचालन जस्तै कार्यालय संचालनका लागि घर भाडाको व्यवस्था, सूचना प्रवाहको सहजताका लगि वातावरण सहायकको परिचालन, कार्यालयको सामान्य मसलन्द व्यवस्थापन गर्न यस समाजका सदस्यहरूबाट न्यूनतम् वार्षिक शुल्क संकलन गर्ने गरिएको भएता पनि त्यो व्यवस्था अझै निकै चुनौतीपूर्ण नै रहेको पाइन्छ । सर्वप्रथम, एक पटक दिएको न्यून रकमबाटै ५ वर्षसम्म ढल, बाटो, खानेपानी, बिजुली बत्ती, सडक बत्ती, उद्यान जस्ता पूर्वाधारको निर्माण र मर्मत सम्भार तथा हरियाली क्षेत्र एवम् स्वच्छ, सफा वातावरण कायम गरी शान्त र सुरक्षित मनोहरबस्तीका रूपमा विकास गर्नु पर्ने अपेक्षा नगरवासीको रहेको पाइन्छ । दोश्रो, हामीहरूमध्ये कतिपय सदस्यहरूलाई के लाग्दछ भने आफनो घरको कम्पाउण्डभित्र ठीक भएपछि बाँकी सबै कुरो ठीक हुन्छ । तर हरेक घरमा बत्तीको व्यवस्था छ त्यो बाहिरबाटै आएको विद्युतको तारबाट नै गएको छ र त्यसका लागि विद्युतको पोल, त्यसमा तानिने तार र सुरक्षा आवश्यक पर्दछ । तेस्रो, स्वच्छ पानीको आपूर्तिको लागि आवश्यक दवाव दिन एक घरको प्रयासले पुग्दैन । चौथो, हरेक घरभित्रको ढल निकास घरबाहिर पठाई अन्यत्रै लगेर दिगो व्यवस्थापन गर्नु पर्ने हुन्छ । चौथो, फोहरमैला संकलन गर्न एउटा घरका लागि मात्र संकलक आउँदैन, टोलभरिकै लागि मात्र संकलक आउने गरेको

छ । पाँचौं, नजिकको खुलास्थानलाई स्वास्थ्यका लागि प्रयोग गर्न समाजको समग्र योजना नै आवश्यक रहन्छ । छैटौं, हरेक घरधुरीलाई म कुन मार्ग, कुन टोल र कुन ब्लकमा बसेको छु भनेर थाहा हुनु जरूरी छ । यदि यो जानकारी भएमा आइपरेका समस्या र संचालन हुने कार्यक्रममा टोल प्रतिनिधिलाई सम्पर्क राख्न सहज हुन्छ । सातौं, आफनो घरअगाडिको सडक वा मार्ग मर्मत गर्नका लागि टोलको संयुक्त प्रयास जरूरी छ । तसर्थ, "मेरो घर कम्पउण्ड राम्रो र सुविधासम्पन्न छ । त्यसैले म समाजको दायराभित्र नरहे पनि हुन्छ । म टोल समितको सदस्यता लिँदै लिन्न । त्यसले के फरक पर्छ र ?" भन्ने सोच पनि हामीमध्ये कतिपयमा पलाएको होला । त्यसो भए ल अब भनौं त– के हरेक घरधुरीले एक्लै, एकलकाँटे वा समाजको अमिल्दो व्यक्तित्व भएर बस्न सक्छ वा बस्न मिल्छ ? निश्चित रूपमा हामीलाई टोल, ब्लक र समाज चाहिन्छ । त्यसै भएर "म सामाजिक छु" भन्ने देखाउँन पनि समाज सञ्चालनका हरेक प्रक्रियामा हरेक घरधुरीले सहयोग प्रदान गर्नु हामी सबै प्लानिङवासीको पहिलो कर्तव्य हो ।

वि.स. २०५८ देखि हालसम्म अर्थात् २१ वर्षमा सात जना अध्यक्षहरूको कार्यकाल समाप्त भई आठौं अध्यक्ष र सातवटा कार्यसमिति तथा ६ दर्जन महानुभावहरू तथा अन्य सल्लाहकारज्यूहरूले समाजसेवी भई यो संस्थालाई आफ्नो अमूल्य समय दिइसक्नु भएको छ । यति हुँदाहुँदै पनि सिनामंगल नगरसेवा समाजका पदाधिकारी सदस्यले समाजमा सदस्यता नवीकरणका बेला वा ढल मर्मत वा सडक बत्ती जडान तथा मर्मतका लागि न्यूनतम् सहयोग माग गर्दा चर्को स्वरले बोल्दै उल्टै गाली खाएर र अपमानित भएर फर्कनु परेका घटनाहरू पनि अझै ताजै छन् । उहाँहरू कसका लागि गाली खाँदै हुनुहुन्छ, कहिल्यै सोच्नुभएको छ ? समाजको पदाधिकारी भएर वा सामूहिक दायित्व वहन गर्ने काममा वा स्वंयसेवक भई समाजको काम गर्न तपाईंले आजसम्म कति समय दिनुभएको छ ? आफैं बसेको समाजको साधारण सदस्यता नवीकरण गर्न रू. २०० निकाल्नु पर्दा ज्वरोले थलिएझैं गर्ने स्थानीयवासी पनि यहीं हुनुहुन्छ र समाजलाई काम गर्न सजिलो होस् भनेर एकैपटक रू. ५००० बुझाएर आजीवन सदस्यता लिने मनकारी सदस्यहरू पनि यही समाजमा हुनुहुन्छ । तसर्थ, हरेक सदस्यले आफनो मूल्याङ्कन आफैं गरौं । समाजका लागि खट्ने प्रतिबद्धतासहित पदाधिकारी बनेका हरेक सदस्यको सम्मान भए मात्र आफूले पनि सम्मान पाइन्छ भन्ने कुरो पनि सबैले बुझौं । समाजको समग्र विकासका लागि रात–दिन समय दिएर पारदर्शी ढंगले कार्य गर्ने मानिसहरूको खडेरी पर्दै गएको यो व्यक्तिवादी चरित्र छताछुल्ल भएको स्वार्थी समयमा समाजको तर्फबाट गरिएको अनुरोधलाई तत्काल स्वीकार गरी आफ्नोतर्फबाट योगदान दिनु हामी सबै सभ्य मानिसको कर्तव्य नै हो ।

सिनामंगल नगरसेवा समाजका पदाधिकारी सदस्यहरूले नियमित रूपमा बैठक संचालन गर्ने गरेका छन् । ब्लक र टोल समितिहरू पनि निर्माण भएका छन् तिनको नियमित बैठक बस्नु आजको आवश्यकता पनि हो । जबसम्म सिनामंगल नगरसेवा समाजका हरेक बैठकका निर्णयहरू ब्लक समितिमा र हरेक ब्लक समितिका निर्णयहरू टोल समितिमा जानकारी हुँदैन् तबसम्म समाज गठनको औचित्य निमूल पार्न खोज्नेहरूका लागि अवसर बनिरहनेछ र समाजका पदाधिकारी बीच विश्वासको संकट पर्न सक्दछ । तसर्थ, टोल समितिहरूको परिचालन आजको महत्वपूर्ण विषय बनेको छ । टोल सुधार समिति जति सशक्त हुन्छ त्यति नै हाम्रा साना ठूला समस्याहरू समाधान गर्न सहज हुन्छ । टोल समितिहरू मिलेर

ब्लक समिति निर्माण र परिचालन गरौँ । आआफ्ना ब्लकमा रहेका उद्यानको संरक्षण र व्यवस्थापनका लागि उद्यान समिति गठन र परिचालन गरेर उदाहरणीय कार्य गरौँ ।

यो मनोहरबस्तीमा शदियौंदेखि यहीं बसोवास गर्दै आएका रैथाने वासिन्दाहरूदेखि नेपालका अधिकाश जिल्ला र स्थानहरूबाट आफनो स्वास्थ्यको अवस्था राम्रो बनाउन, शिक्षाको स्तर उच्च पार्दै विज्ञान र प्रविधिलाई आत्मसात गरेर आफनो क्षमता अनुसारका पेशा, व्यवसायमा संलग्न हुन वा संचालन गरी वर्तमान र भावी पुस्ताको भविष्य उज्यालो बनाउनका लागि हामीहरू यस मनोहरबस्ती वा प्लानिङ क्षेत्रमा बसोवास गरिरहेको छौं । हामी विलकुलै नयाँ समाजमा छौं । हामी जुन टोलमा बसे पनि प्लानिङ क्षेत्र एउटै इकाइ हो । हाम्रो सहभागिता र टोलको शक्ति परिचालनबाट मात्र ब्लकको र ब्लकको क्षमता परिचालनबाट मात्र सिनामंगल नगरसेवा समाजको विकासमा सहयोग पुग्ने, उद्यान संरक्षण र व्यवस्थापन सहज हुने, आर्थिक संकलनको दोहोरोपन नहुने, स-साना कुरामा छिमेकी बीचको मनमुटाव घट्ने, प्लानिङवासी बीच वैमनश्यता घट्दै जाने र समग्रमा सकारात्मक भावनाको विकास भई समाजभित्र संचालन गर्नु पर्ने पूर्वाधार विकास तथा मर्मत र वातावरण संरक्षणमा सहजता ल्याउने तथा शान्ति सुरक्षा कायम भई सभ्य र दिगो समाजको निर्माणमा टेवा पुग्ने देखिन्छ । हाम्रो भाइचाराको विकासबाट साधारण सदस्यता वितरणमा तीब्रता आउने, टोल सक्रिय भएमा एकद्वार प्रणालीबाट सदस्ता नवीकरण भई आर्थिक पारदर्शिता हुने, मूल समिति वा सिनामंगल नगरसेवा समाजमा कार्यबोझ घट्ने, सूचना आदान प्रदानमा सहज तथा एक आपसमा विश्वास प्रगाढ हुँदै जाने देखिन्छ ।

हरेक घरधुरी र हामी सबै प्लानिङवासीको लागि सिनामंगल नगरसेवा समाज एक सहजीकरण गर्ने संस्था हो । यसलाई ढुक्कले विश्वास गरौँ । तसर्थ, व्यस्त शहरमा हरेक घरधुरीले समाज सेवाका लागि समय व्यवस्थापन गरौँ । टोल, ब्लक, उद्यान र समाजले आह्वान गरेका क्रियाकलापमा सहभागिता जनाऔँ र आफ्नो सक्रियता पनि बढाऔँ । टोल, ब्लक, उद्यान समितिहरूले नियमित बैठक संचालन गरौँ, भएका निर्णयहरू सिनामंगल नगरसेवा समाजमा जानकारी गराऔँ र निर्णय कार्यान्वयन गर्नमा आफ्नो सहभागिता जनाऔँ । आआफ्नो टोल, ब्लक र उद्यानका विषयमा रहेका सबल पक्ष र अन्य सवालहरूबारे बैठकमा खुलेर छलफल गरौँ र आवश्यकता अनुसार सूचना प्रवाह गरौँ । जब हाम्रो आन्तरिक वातावरण सहज हुन्छ, तब प्लानिङवासी अर्थात् मनोहरबस्तीका आवश्यकता र मागहरू सम्बोधनका लागि सिनामंगल नगरसेवा समाजलाई विभिन्न सरकारी निकाय र निजी संस्थाहरूसँग सहजीकरण र सहकार्य गर्नमा टेवा पुग्नेछ । यस प्रकारका पक्षहरू नै दिगो विकास र स्मार्ट शहर निर्माणको आधार भएको हुनाले देखा परेका चुनौतीको सामना गर्दै समाधानका लागि अघि बढौँ, अघि बढौँ । यो समयको माग पनि यही हो ।

पुस्तक प्रकाशनका क्रममा सहयोग तथा हौसला प्रदान गर्नुहुने वागमती प्रदेशसभाका मा. सभामुखज्यू, आदरणीय वडाध्यक्षज्यू, समाजका सल्लाहकार संयोजक र सदस्यज्यूहरू, समाजका पदाधिकारीज्यूहरू, आदरणीय साधारण सदस्यज्यूहरू, विज्ञापनदाताहरू, मिडिया क्याफेका गोपाल तिवारी र भक्तबहादुर कार्कीलगायत सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरूमा हार्दिक आभार व्यक्त गर्दछौं । धन्यवाद !!!

# विषयसूची


- भाग १

  संस्थागत परिचय १

- भाग २

  समाजका अभियानका सात क्षेत्रहरू ५

- भाग ३

  संगठन तथा कोष परिचालनका १० आधार ६

- भाग ४

  समाजको आचारसंहिता ७

- भाग ५

  समाजले सहजीकरण गरेका मुख्य कार्यहरू ८

- भाग ६

  समाजका मागहरू १५

- भाग ७

  स्मार्ट शहर निर्माणका लागि पहल २०

- भाग ८

  उद्यान क्षेत्रलाई नमूनास्थलमा रूपान्तरण गर्ने उपायहरू २२

- भाग ९
  - सहयोगी अभियन्ताहरू २४
  - सिनामंगल नगरसेवा समाजका पूर्व पदाधिकारीहरू २८
  - सिनामंगल नगरसेवा समाजको कार्यसमिति र सल्लाहकार परिषद् ३०
  - टोल समिति गठनको क्रममा हालसम्मको संक्षिप्त विवरण ३४
  - सिनामंगल नगरसेवा समाजका आजीवन सदस्यहरू ३५


- भाग १०
  - ब्लकहरूमा रहेका निजी क्षेत्रका महत्वपूर्ण फोन नम्बरहरू ३७
  - केही महत्वपूर्ण फोन नम्बरहरू ४२

- भाग ११

  "सिनामंगल नगर सेवा समाज" को विधान, २०५८ (संशोधन २०७४) ४५

## हार्दिक मंगलमय शुभकामना





हिन्दुहरूको महान पर्व
**विजयादशमी, शुभ दीपावली,**
**छठ पर्व २०७९** तथा **नेपाल सम्वत् ११४३**
को उपलक्ष्यमा समस्त खेलाडी, टोलवासी, नगरवासी,
एवम् देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# पिएफसी ब्याडमिन्टन कभर्ड हल

**चुचुरोमार्ग, प्लानिङ क्षेत्र, पुरानो सिनामंगल, काठमाडौं**

## हार्दिक मंगलमय शुभकामना





हिन्दुहरूको महान पर्व
**विजयादशमी, शुभ दीपावली,**
**छठ पर्व २०७९** तथा **नेपाल सम्वत् ११४३**
को उपलक्ष्यमा समस्त टोलवासी, नगरवासी
एवम् देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# देवेश प्रसाई

**पुरानो सिनामंगल, काठमाडौं**

## हार्दिक मंगलमय शुभकामना





हिन्दुहरूको महान पर्व
**विजयादशमी, शुभ दीपावली,**
**छठ पर्व २०७९** तथा **नेपाल सम्वत् ११४३**
को उपलक्ष्यमा समस्त टोलवासी, नगरवासी
एवम् देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# मणिकुमार गौतम

**गौरीपुत्र मार्ग, पुरानो सिनामंगल, काठमाडौं**

# भाग १

# संस्थागत परिचय

## १. सिनामंगल जग्गा एकीकरण आयोजना

नेपाल सरकारको वि.सं. २०५३ र वि.स. २०५९ का निर्णयहरूअनुसार काठमाडौं उपत्यका विकास प्राधिकरणले तत्कालीन काठमाडौं महानगरपालिका तत्कालीन वडा नं ३५ हाल वडा नं ३२ मा सञ्चालन गरिएको सिनामंगल जग्गा एकीकरण आयोजना नेपालको एक योजनाबद्ध शहरी विकास कार्यक्रम हो । यो आयोजना क्षेत्रको सिमाना पूर्वमा मनोहरा खोला, पश्चिममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र न्हाकटी टोल, उत्तरमा न्हाकटी टोल र महादेवपुरचौर सडक र दक्षिणमा सिनामंगल सडक रहेको छ । करिब ९३४ रोपनी जमिनमा फैलिएको आयोजनाभित्र तत्कालीन अवस्थामा करिब १५०० कित्ता रहेका थिए । यस क्षेत्रलाई ६ वटा ब्लक कायम गरी ४ वटा सडक र २३ वटा मार्गहरू निर्माण भएका छन् । यहाँ ५ वटा खुलास्थान र १ खोला किनार ग्रीनबेल्ट क्षेत्र रहेका छन् (तालिका १) । काठमाडौं महानगरपालिका र डिभिजन वन कार्यालय काठमाडौंबाट उद्यान विकासको क्रममा खुला स्थानहरूको नामाकरण समेत गरिएको छ ।

**तालिका १ : ४ सडक तथा २३ मार्ग, ५ खुला स्थान र १ ग्रीनबेल्टको विवरण**

| ब्लक नं | सडक तथा मार्गहरु | उद्यान तथा ग्रीनबेल्ट | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|
| १ | राम मार्ग, चुचुरो मार्ग, सुप्रयास मार्ग, जयकालिका मार्ग, अन्नपूर्ण मार्ग, न्हाकटी मार्ग, हिमताज मार्ग, गौरीपुत्र मार्ग, महादेवचौर सडक | राष्ट्रसेवा उद्यान | ५ |
| २ | सचेत मार्ग, हिमताज मार्ग, विकास मार्ग, नमूना सडक, महादेवपुर चौर सडक | कपुर उद्यान | १.५ |
| ३ | गौरीपुत्र मार्ग, स्वावलम्वी मार्ग, हिमगणेश मार्ग, कञ्चन मार्ग, अंचित मार्ग, अदम्य मार्ग, हिमताज मार्ग, नमूना सडक | जनमैत्री हरित उद्यान | १७ |
| ४ | धौलागिरि मार्ग, गौरीपुत्र मार्ग, कञ्चन मार्ग, चुरे मार्ग, धर्ती मार्ग, नमूना मार्ग | सूर्यमुखी उद्यान | ७ |
| ५ | धौलागिरि मार्ग, हरियाली मार्ग, तारामण्डल मार्ग, सुगन्ध मार्ग, हिमगणेश मार्ग, सिनामंगल सडक, नमूना सडक | नमुना उद्यान | ७ |
| ६ | धौलागिरि मार्ग, मनोहरा एकता मार्ग, सिनामंगल सडक, मनोहरा कोरिडोर सडक | मनोहरा खोला किनार मनोहरा एकता ग्रीनबेल्ट उद्यान | ४ |

## २. सिनामंगल नगरसेवा समाजको स्थापना

सिनामंगल जग्गा एकीकरण आयोजनाले विकसित गरेका घडेरीहरूमा घरजग्गा रहेका स्थायी बासिन्दाहरूका बीचमा आपसी परिचय, भाइचारा, सुसम्बन्ध र सम्पर्क कायम गर्दै विकास निर्माणका कार्यहरूलाई समेत व्यवस्थित र वातावरणमैत्री तरिकाले अगाडि बढाउन र स्थानीय जनप्रतिनिधिमूलक एवं स्वयंसेवी संस्थाहरूको काम कारबाहीलाई समेत सहजीकरण गरी कार्यसम्पादन गर्न यो क्षेत्रमा एक छाताप्रकृतिको समन्वयकारी र सहजकर्ता संस्थाको आवश्यकता महसुस गरी वि.स. २०५८ माघ २४ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा विधान दर्ता (६४६-०५८/५९) गरेपछि सिनामंगल नगरसेवा समाज विधिवत् स्थापना भएको हो । सिनामंगल नगरसेवा समाजको विधान २०५८ लाई वि.स. २०७४ चैत्र १२ गते पूर्णतः संशोधन तथा परिमार्जन गरिएको छ ।

- आन्तरिक राजश्व कार्यालय काठमाडौं-१ बाट मिति २०६१।०६।२१ गते प्रदान गरिएको स्था. ले. नम्बर ३०१७४२५२२
- समाज कल्याण परिषद् काठमाडौंबाट मिति २०६१।०८।०३ गते प्रदान गरिएको आबद्धता दर्ता नम्बर १७०१३
- काठमाडौं महानगरपालिकाबाट मिति २०७२।०३।०१ गते प्रदान गरेको व्यवसाय दर्ता प्रमाणपत्र नम्बर ७०

## ३. सिनामंगल नगरसेवा समाजको १५ उद्देश्यहरू

सिनामंगल नगरसेवा समाजको विधानअनुसार आफ्नो कार्यक्षेत्रभित्र सञ्चालन हुने विकासात्मक, निर्माणात्मक, मनोरञ्जनात्मक, सशक्तीकरणात्मक र वातावरणीय संरक्षणसम्बन्धी लगायतका विभिन्न क्रियाकलापहरूलाई समन्वयात्मक र सहजीकृत ढंगबाट परिचालन गराउन छाता संस्थाको रूपमा रहेको यस संस्थाका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

क. नगरक्षेत्रको आवश्यकतानुसारको विकास-निर्माणका कार्य, पुल-पुलेसा, कल्भर्ट, बाटोको गुणस्तर, विद्युत, टेलिफोन, खानेपानी, सरसफाइ, ढल-निकास, फोहरमैला आदिको व्यवस्थापनसम्बन्धी कार्य गर्न/गराउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने ।

  - स्थानीय नगर क्षेत्रको चौतर्फी विकासका लागि जननिर्वाचित वडा समितिलाई आवश्यक सल्लाह, सुझाव र योजना प्रस्तुत गर्ने,
  - टोलका ज्येष्ठ नागरिकहरूको शारीरिक-मानसिक स्वास्थ्य, हेरचाह र मनोरञ्जनात्मक वातावरणका लागि आवश्यक व्यवस्था मिलाउने,
  - टोलका युवाहरूको शारीरिक, मानसिक र बौद्धिक विकासको लागि आवश्यक व्यवस्था मिलाउन पहल गर्ने,
  - टोलको सुरक्षा व्यवस्थालाई सुदृढ तुल्याउन आवश्यक पहल गर्ने,
  - टोलको सौन्दर्य, आपसी सद्भाव र सहयोग वृद्धि गर्न सदैव प्रयत्नशील रहने ।

ख. परम्परागत सीपलाई आधुनिकीकरण गरी आधुनिक सीप विकासको लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।

ग. निरक्षर समूहमा शैक्षिक वातावरण सिर्जना गर्नका लागि कार्यमूलक प्रौढ शिक्षामा सहयोग गर्ने ।

घ. स्थानीय रूपमा उपलब्ध सीप, साधन र स्रोतलाई परिचालन गर्दै न्यून आय भएका तथा पिछडिएका नगरवासीको जीवनस्तर सुधार्न आवश्यक सामाजिक तथा औद्योगिक कार्यक्रमहरू सञ्चालन गर्ने ।

ङ. विकासका काममा जनताको नियमित र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न प्रेरित गर्ने ।

च. नेपाल सरकारका सम्बद्ध निकायहरूको स्वीकृति र समन्वयमा सरकारी तथा गैरसरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सहयोग र समन्वय कायम गरी सामुदायिक विकासका लागि आयोजना सञ्चालन गर्ने ।

छ. स्थानीय जनसमुदायलाई वातावरणीय संरक्षण कार्यमा सहभागी गराई स्वच्छ, सफा र हराभरा शहर बनाउन प्रयास गर्ने ।

ज. प्राकृतिक वातावरणको संरक्षण र विकासका क्रियाकलापहरूलाई सँगसँगै लैजाने ।

झ. विकासप्रेमी तर पहुँचरहित समुदायलाई आफ्नो विषयवस्तुसँग सम्बन्धित तालिम, गोष्ठी र अध्ययन भ्रमण गराई उनीहरूको क्षमताको विकास गर्दै जाने ।

ञ. सामाजिक विकाससँग सम्बन्धित विषयहरूमा विभिन्न सभा, गोष्ठी, सेमिनार र छलफलहरू गरी मुखपत्र, बुलेटिन, पुस्तक आदिको माध्यमबाट विचारहरूको प्रवाह गर्ने ।

ट. सामाजिक विकाससम्बन्धी अध्ययन, अनुसन्धान तथा अन्य एकेडेमिक कार्यहरू गर्ने ।

ठ. कार्यसमितिको निर्णयअनुसार उल्लेखित उद्देश्यहरूसँग प्रत्यक्ष सम्बन्धित, अनुसाङ्गिक वा प्रासङ्गिक रहेका अन्य विकासात्मक वा परोपकारी गतिविधिहरूमा संलग्न हुने कार्य गर्ने ।

ड. नगर विकास क्षेत्रभित्र पर्ने खुल्ला मैदान, पार्कहरू, बगैंचा क्षेत्रजस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्बर्द्धन गरी सामाजिक/आर्थिक स्रोतको रूपमा विकास गर्ने/गराउने ।

ढ. नगर विकास क्षेत्रभित्र पर्ने मठमन्दिर, देवालय, पानीको स्रोत, पर्ती जग्गालगायत सार्वजनिक सम्पत्तिको संरक्षण र सम्बर्द्धन गरी सामाजिक सम्पत्तिको रूपमा विकास गर्ने/गराउने ।

ण. सार्वजनिक सम्पत्तिमाथि अनधिकृत अतिक्रमण भइरहेको भए त्यस्तो अतिक्रमणको अन्त्य गर्ने ।

## ४. सदस्यतासम्बन्धी चारवटा व्यवस्था

सिनामंगल नगरसेवा समाजको विधानअनुसार यसको सदस्यताबारे यस प्रकारका चार प्रावधानहरू रहेका छन् ।

- **साधारण सदस्य** : प्लानिङ क्षेत्रमाा स्थायी बसोबास गर्ने कुनै व्यक्तिले वार्षिक शुल्कवापत रू. २०० (दुई सय) बुझाएमा साधारण सदस्यता प्राप्त गर्न सक्नेछ । प्रत्येक सदस्यले प्रत्येक आर्थिक वर्षको पहिलो त्रैमासिक अर्थात् असोज मसान्तभित्रै सदस्यता नवीकरण शुल्क बुझाई सदस्यता नवीकरण गराइसक्नु पर्नेछ ।
- **आजीवन सदस्य** : प्लानिङ क्षेत्रमा स्थायी बसोबास गर्ने कुनै व्यक्तिले सदस्यता शुल्कवापत संस्थामा एकमुष्ट रू. ५,००० (पाँच हजार) बुझाएमा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछ । यस्तो सदस्यताको हरेक वर्ष नवीकरण गर्नुपर्ने छैन ।
- **संस्थागत सदस्य** : यस सिनामंगल नगरसेवा समाजको कार्यक्षेत्रभित्रको विकास, विस्तार र सुविधामा बढोत्तरीका लागि यस संस्थालाई विशेष सहयोग/योगदान पुऱ्याउन इच्छुक संघ-संस्थाले एकमुष्ट रू. ५०,००० (पचास हजार) वा सोभन्दा बढी शुल्क बुझाई संस्थागत सदस्यता प्राप्त गर्न सक्नेछन् ।
- **संरक्षक सदस्य** : यस सिनामंगल नगरसेवा समाजअन्तर्गतका कार्यक्षेत्रभित्रको विकास, विस्तार र आधुनिकीकरणका लागि यस संस्थालाई उल्लेख्य सहयोग/योगदान पुऱ्याउन इच्छुक विकासप्रेमी कुनै व्यक्ति वा संघसंस्थाले एकमुष्ट रू. १,००,००० (एक लाख) वा सोभन्दा बढी नगद सहयोग गरेमा संरक्षक सदस्यता प्राप्त गर्न सक्नेछ ।


**हार्दिक मंगलमय शुभकामना**





हिन्दुहरूको महान पर्व

**विजयादशमी, शुभ दीपावली,**

**छठ पर्व २०७९** तथा **नेपाल सम्वत् ११४३**

को उपलक्ष्यमा समस्त टोलवासी, नगरवासी

एवम् देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा

हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**होमप्रसाद पाण्डे**

**सल्लाहकार- सिनामंगल नगरसेवा समाज**

**एवं उद्यमी**

## भाग २

# समाजका अभियानका सात क्षेत्रहरू


सिनामंगल नगरसेवा समाजको विधानमा उल्लेख भएअनुसार उद्देश्य हासिल गर्न यस प्रकार अभियानका सात क्षेत्र पहिचान गरिएका छन् ।

- **सुविधायुक्त बस्ती र स्मार्ट शहर निर्माण तथा मर्मत संभारका लागि पहल** : प्लानिङ क्षेत्रका बस्ती क्षेत्रमा देखा परेका समस्याहरू समाधान गरी सुविधायुक्त बनाउनका लागि सहजीकरण गर्ने कार्यहरू भइरहेका छन् । जस्तै : खानेपानी आपूर्ति, त्रि.अ.वि.को पानी निकास (पेप्सी फ्याक्ट्री हुँदै बग्ने र खहरे खोल्सी) व्यवस्थापन, मंगाल सफा गरी ढल सुचारू, सडक तथा मार्ग मर्मत सम्भार, प्रवेशद्वार वा स्वागत द्वार निर्माण, मनोहरा खोला किनार संरक्षण र सिंढी निर्माण, विद्युत पोल थप र मर्मत, सडकबत्ती जडान तथा मर्मत, समाजको कार्यालय भवन निर्माणलगायत पूर्वाधार निर्माण तथा मर्मत संभार गर्न पहल गर्ने ।
- **घर–आँगन र बस्ती हराभरा कायम** : घर–घरमा बहुउपयोगी बोटबिरूवा (बास्ना आउने, फल दिने र फूल फुल्ने) रोपण गरी हरियाली कायम, ६ वटै उद्यान निर्माण, सुदृढीकरण तथा सौन्दर्यीकरण, सुन्दर र हरियो प्लानिङका लागि पहल गर्ने ।
- **सफा चोक र मार्ग तथा बस्तीमा स्वच्छता कायम** : ध्वनि, वायु, जल र जमिन प्रदूषण रोकथाम र नियन्त्रण, नियमित सरसफाइ र वैज्ञानिक फोहोरमैला व्यवस्थापन गरी सफा प्लानिङको पहिचानका लागि पहल गर्ने ।
- **शान्त र सुरक्षित प्लानिङ क्षेत्र कायम** : चोरी, तीब्र गति र चर्को ध्वनिका सवारी साधन सञ्चालनमा रोकथाम र नियन्त्रणका लागि सीसीक्यामरा जडान र सामुदायिक प्रहरीको व्यवस्था एवं सूचना केन्द्र स्थापना र सूचना आदान प्रदान गरी सुरक्षित प्लानिङ निर्माण गर्न पहल गर्ने ।
- **स्थानीय बासिन्दाबाटै समाजको स्रोत र सम्पत्तिको व्यवस्थापन** : प्लानिङ क्षेत्रका स्रोतको व्यवस्थापन स्वामित्व लिन र यस क्षेत्रलाई थप व्यवस्थित र मर्यादित बनाउन पहल गर्ने ।
- **समन्वय र सहकार्यको वातावरण निर्माण** : सरकारी, सहकारी, सामुदायिक र निजी क्षेत्रसँग सम्बन्ध विस्तार, साथ र सहयोग आदान-प्रदानको वातावरण तयार गर्न पहल गर्ने ।
- **दिगो वित्तीय तथा समाजको कार्यालय स्थापना र व्यवस्थापन** : यस समाजका क्रियाकलापहरू दिगो रूपले सञ्चालन गर्न कार्यालय भवन निर्माण तथा कार्यसमिति, ब्लक समिति, टोल समिति, उद्यान समिति तथा हरेक घर पसल र समाजसेवीको स्वेच्छाले सहयोग लिई समाजले आफ्नो कार्यालय निर्माण र सञ्चालन, व्यवस्थापन, कोष स्थापना र दिगो रूपले वित्तीय परिचालन गर्न पहल गर्ने ।

## भाग ३

# संगठन तथा कोष परिचालनका १० आधार

- हरेक दुई वर्षमा २३ जना सदस्यहरू रहेको कार्यसमिति चयन गर्ने क्रममा २०७९ वैशाख १० गते पछिल्लो पटकको नयाँ कार्यसमिति गठन भएको छ ।
- समाजका सबै साधारण सदस्यहरूले समावेशी तबरबाट मुख्य पदाधिकारी ५ जना चयन गरेका छन् ।
- हरेक ब्लकबाट १ जना महिलासहित २ जना सदस्यहरू निर्वाचित भएका छन् अर्थात ६ वटा ब्लकबाट १२ जना ब्लक प्रतिनिधिहरू चयन भएका छन् । हरेक ब्लकबाट छनोट भएकामध्ये एक जना ब्लक संयोजक चयन गरिएको छ ।
- विधानमा प्रावधान गरिएबमोजिम समाजका अध्यक्षले ६ जना कार्यसमिति सदस्य मनोनित गरिएको छ ।
- ब्लक संयोजकको संयोजकत्वमा ब्लक समिति गठन गर्ने गरिएको छ ।
- ब्लकभित्र हरेक टोल समिति गठन गर्ने । यस क्रममा मार्ग प्रतिनिधित्व हुने गरी सदस्यहरू चयन र परिचालन भएका छन् ।
- हरेक ब्लकमा उद्यान समिति गठन गर्ने क्रममा ६ वटा उद्यान समिति गठन र सञ्चालन भएका छन् । नियमित बैठकका लागि सहजीकरण गरिएको छ ।
- विधानमा प्रावधान गरिएबमोजिम सिनामंगल नगरसेवा समाजलाई आवश्यक सल्लाह दिनको लागि सल्लाहकार परिषद् गठन गरिएको छ । हाल एक जना संयोजकसहित १५ जना सल्लाहकार सदस्यहरू चयन गरिएको छ ।
- कार्यसमिति, ब्लक समिति, टोल समिति, उद्यान समितिको सहयोग लिई सिनामंगल नगरसेवा समाजले आफ्नो कोष परिचालन गर्दै आएको छ । यसबारे एक अवधारणा विकास गरिएको छ ।
- समाजको प्रशासनिक कार्य र बैठक भाडामा लिइएको सटर कोठामा राखिएको कार्यालयबाट सञ्चालन गरिँदै आएको छ ।


**हिन्दुहरूको महान पर्व, विजयादशमी, शुभ दीपावली, छठ पर्व २०७९ तथा नेपाल सम्वत् ११४३** को उपलक्ष्यमा टोलवासी, नगरवासी साथै समस्त देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**किरण खनाल** (अध्यक्ष)

**संयुक्त ट्राभल्स एण्ड टुर्स प्रा.लि.**

सेतीओपी मार्ग, कोटेश्वर-३२, काठमाडौं, फोन ९८५१०४६२६१, ०१-४६१०३८१, ४६१०५१९

## भाग ४

# समाजको आचारसंहिता

| |
|---|
| प्रत्येक पसलमा एक बिर्कोवाला डस्टविन अनिवार्य रूपले राख्नुपर्ने । |
| टोलले कम्तीमा हप्तामा एकपटक टोल सरसफाइ कार्यक्रम राख्नुपर्ने । |
| प्रत्येक पसलमा कम्तीमा पनि फूल फुल्ने प्रजातिका २ वटा बिरूवासहितका गमला राख्नुपर्ने । |
| आवासीय क्षेत्रभित्र चर्को आवाज, धुँवा, धुलो वा नराम्रो गन्ध आउने गरी ग्रिल, फर्निचर, अल्मुनियमका समान निर्माण र कबाडी र बालुवा, ढुंगा, गिट्टी भण्डारण गरेको गुनासो आएकोले अब आइन्दा कुनै पनि किसिमको वायु, ध्वनि प्रदूषण नहुने गरी व्यापार/व्यवसाय सञ्चालन गर्नुपर्ने । |
| कुनै पनि प्रकारका खाद्य सामग्री बिक्री वितरण गर्दा स्वच्छ, सफा, ताजा र मिसावटरहित हुनुपर्ने । |
| चर्को ध्वनि र तीव्र गतिमा सवारी साधन सञ्चालन गर्न पूर्ण रोक लगाइएको छ । ठूला सवारी साधन साँगुरो बाटोबाट सञ्चालन गर्न नपाइने । |
| पैदलयात्री तथा आवागमनलाई असर पार्ने गरी कसैले पनि कुनै प्रकारको सामान वा सवारी साधन सडकमा राख्ने, भण्डारण वा पार्किङ गर्न नपाइने । |
| बाटोमा हिंड्ने पैदलयात्री वा सवारीचालक वा यात्रीले धुमपान, मद्यपानका साथै सडकमा प्लास्टिक, चुरोटको ठुटा, गुड्काको खोल वा कुनै किसिमको प्रदूषण गर्न नपाइने । |
| खाली जग्गामा आफूले पनि फोहर नफाल्ने र अरूलाई पनि फाल्न नदिने । |
| ब्लकका सबैजना मिलेर ब्लकको उद्यानको चारैतिर तारबार गरौं, तारबार मर्मत संभार गर्ने । आवत–जावत सहज बनाउने । डस्टविनमा फोहर राख्ने । बोटबिरूवा रोप्ने र तिनको संरक्षणमा उचित ध्यान दिने । हरियाली प्रबर्द्धन गर्ने । उद्यान व्यवस्थापनको स्वामित्व स्थानीय बासिन्दाको हक कायम गर्ने । वातावरण मैत्री जनमैत्री कार्यहरू सञ्चालन गर्ने । |
| "स्वच्छ, सफा, हराभरा, शान्त, सुरक्षित मनोहरबस्ती हाम्रो अभियान । यो सम्भव छ जबसम्म रहन्छ सबैको साथ, सहयोग र योगदान ।" लाई मूल नारा बनाउने । |
| छतको पानी सडकमा खसाल्ने असभ्य व्यवहारमाथि पूर्णतः रोक लगाउने । |

**भाग ५**

# समाजले सहजीकरण गरेका मुख्य कार्यहरू

(आ.व. २०५८/५९ देखि हालसम्म)

## आ.व. २०५८/५९ देखि २०७०/७१ सम्म

**समाजको पहलमा**

- सूर्यमुखी गार्डेन स्थापना र सञ्चालन
- सूर्यमुखी टोल समिति गठन

**अन्य निकाय र कार्यालयको सहयोगमा**

- जिविसको सहयोगमा सहयोगी समाज र सिनामंगल समाजको सहजीकरणमा खुला स्थान स्तरोन्नति (ब्लक ३)
- ढल तथा सडक निर्माण र सडक पीच, रिटेनिङ्ग वाल
- विद्युतका पोलहरू स्थापना र ट्रान्सफर्मर जडान

## आ.व. २०७१/७२

**समाजको पहलमा**

- टोल समिति गठन प्रारम्भ

**अन्य निकाय र कार्यालयको सहयोगमा**

- जिल्ला वन कार्यालय काठमाडौंबाट ब्लक ५ मा नमूना उद्यान स्थापना गरिएको

## आ.व. २०७२/७३

**समाजको पहलमा**

- टोल समिति गठन र उद्यान समितिहरू गठन

**अन्य निकाय र कार्यालयको सहयोगमा**

- जिल्ला वन कार्यालय काठमाडौंबाट ब्लक नं. २ मा कपुर उद्यान स्थापना गरिएको
- जिल्ला वन कार्यालय काठमाडौंबाट ब्लक नं. १ मा राष्ट्र सेवा उद्यान स्थापना र स्तरीकरण गरिएको

## आ.व. २०७३/७४

**समाजको पहलमा**

- टोल समिति गठन जारी र परिचालन भएको

**अन्य निकाय र कार्यालयको सहयोगमा**

- मनोहरा खोला किनारमा बृक्षारोपण गरिएको

## आ.व. २०७४/७५

**समाजको पहलमा**

- वि.स. २०५८ को विधानलाई समयसापेक्ष बनाई विधान संशोधन (वि.स. २०७४ चैत्र १२ गते) भएको
- टोल समिति गठन र उद्यान समिति गठन भएको

**अन्य निकाय र कार्यालयको सहयोगमा**

- स्थानीय विद्यालयहरूको सहयोगमा पटकपटक सरसफाइ अभियान सञ्चालन भएको ।
- सिनामंगल मन्दिर चौकबाट जडिबुटी चोकसम्म जथाभावी सवारी पार्किङ हटाउन नेपाल प्रहरीसँग सिनामंगल नगरसेवा समाजले संयुक्त गस्ती र सहकार्य गरेको र सडकको अधिकार कायम एवं सुरक्षित वातावरण निर्माण गरिएको ।
- काठमाडौं उपत्यका विकास प्राधिकरणको सहयोगमा धौलागिरि मार्गमा ४ वटा पर्खाल निर्माण भएको ।
- जिल्ला वन कार्यालय काठमाडौंबाट उपलब्ध २,००० बिरूवा व्यक्तिको घर र उद्यानमा रोपण गरिएको ।

## आ.व. २०७५/७६

**समाजको पहलमा**

- टोल समिति गठन र उद्यान समिति गठन र परिचालन भएको
- तीनवटा उद्यान (नमूना, कपुर, सूर्यमुखी र राष्ट्रसेवा) मर्मत संभार
- ब्लक नं ३ को खुला स्थान जनमैत्री हरित उद्यानको वरिपरि रहेका ४० भन्दा बढी स्टल व्यवस्थापन ।
- सबै ब्लकमा स्वच्छ र शान्त वातावरण कायम गर्न सुरक्षा सहयोगी आवश्यक भएको र ब्लक नं ३ का लागि एक जना सुरक्षा गार्ड तीन महिना भर्ना गरिएको ।
- बृहत उद्यान महोत्सव र स्वच्छ वातावरण अभियान २३ भाद्र २०७५ मा सम्पन्न । वरिष्ठ लोकगायक कृष्ण कँडेलसम्बद्ध इन्द्रेणाी साँस्कृतिक परिवारबाट सोही दिन बिहान सरसफाइ सांगीतिक यात्रा र अपराह्नमा पूर्वप्रधानमन्त्री तथा माधवकुमार नेपाल, काठमाडौं महानगरका तत्कालीन प्रमुख विद्यासुन्दर शाक्य, कागेश्वरी नगरका तत्कालीन प्रमुख कृष्णहरि थापा, कामपा वडा नं ३२ का अध्यक्ष नवराज पराजुलीसमेतको उपस्थितिमा वृहत् उद्यान महोत्सव तथा स्वच्छ वातावरण सांगीतिक समारोह सम्पन्न । सोही दिन बिहान राष्ट्रसेवा उद्यान परिसरमा फोहरमैला व्यवस्थापनको नमूना प्रदर्शन ।
- २०७५।६।१० गते सल्लाहकार परिषद्का सदस्यहरूबीच समन्वय बैठक सम्पन्न ।
- २०७६ असारदेखि ठूलो खुला स्थान ब्लक ३ मा सरसफाइ र बिरूवा सुरक्षा गर्न साइँला लामालाई वातावरण संरक्षणवापत दैनिक एकसय रूपैयाँ उपलब्ध गराउने गरी कामको जिम्मा दिइएको र सो कार्य २०७८ चैत्रसम्म कायम रहेको ।
- प्लानिङ क्षेत्रको व्यवस्थापन स्वामित्व हस्तान्तरणको फाइल काठमाडौं उपत्यका विकास प्राधिकरणमा पेश भएको
- प्रदूषण रोकथाम र नियन्त्रणका लागि वरूण बिभरेज प्रा.लि.मा डेलिगेसन गएको

**अन्य कार्यालयको सहयोगमा**

- **समाज–विद्यालय सहकार्य** : समाजको कार्यसमितिबाट ५ जना, करियर विल्डिङ इन्टरनेशनल एकेडेमीबाट ८० जना विद्यार्थी, ४ जना शिक्षक, नेपाल भोलियन्टर्स सोसाइटीबाट ५ जना, महिला केन्द्रबाट २० जना आमाहरू, ५ जना वातावरण अभियन्तासँगको सहार्यमा ४ दिने (२०७५ चैत्र १९ देखि २२ सम्म) सरसफाइ र ट्र्यास ट्याग कार्यक्रम । जसमा ४ वटा मार्ग (विकास, सचेत, हिमताज र स्वावलम्बी) मा सरसफाइ र खहरे र मनोहरा खोला अवलोकन कार्यक्रम सञ्चालन । वि.स. २०७५ चैत्र २९ गते समाजका सदस्यहरूबाट खहरे र मनोहरा खोला अवलोकन कार्यक्रम । मनोहरा खोलाको फोहर पानीमा तरकारी पखाल्ने कार्य रोकथाम गरिएको
- काँडाघारी प्रहरी प्रभाग र समाजको सहकार्यमा मिति २०७५।१२।५ गते समाजको कार्यक्षेत्रमा सरसफाइ तथा होली विशेष प्रभातफेरी कार्यक्रम सम्पन्न
- डोको संस्थाका प्रशिक्षकबाट फोहरमैला व्यवस्थापन अभिमुखीकरण कार्यक्रम सञ्चालन (कार्य समितिका सदस्यहरू २४ जना एवं ब्लक ६ का ४० जना महिला संलग्न) गरिएको ।
- काठमाडौं महानगरपालिकाबाट स्थानीय बासिन्दाको साझेदारीमा ५५० वटा सडकबत्ती मेयर उज्यालो कार्यक्रमअन्तर्गत जडान गरिएको ।
- काठमाडौं महानगरपालिकाबाट स्थानीय बासिन्दाको साझेदारीमा ४६१ बटा मंगाल सफा गरी ढल सुचारू गरिएको ।
- नेपाल विद्युत प्राधिकरणबाट ३ वटा नयाँ विद्युत ट्रान्स्फमर्मर जडान गरिएको ।
- नेपाल राष्ट्र बैंकबाट ब्लक ५ को पहलमा ५० वटा ड्रम ल्याई ब्लक ५ मा वितरण
- नेपाल प्रहरी काँडाघारीको सहयोगमा अनधिकृत सवारी पार्किङ हटाएको ।
- का.म.पा. विपद् व्यवस्थापन महाशाखाबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (एयरपोर्ट) को पानी निकासको रूपमा रहेको खहरे खोल्सीको करिब १३४ मिटर सफा गरिएको ।
- का.म.पा. ३२ नं वडा कार्यालयबाट आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा अध्यक्ष, महासचिव, सल्लाहकार, कार्यसमिति सदस्यहरूबाट सहभागिता जनाएको ।
- का.म.पा.को सहयोगमा ५०० भन्दा बढी बेवारिसे कुकुर व्यवस्थापन (मनु मित्रमार्फत) गरेको ।
- जिल्ला वन कार्यालय काठमाडौंबाट ५ सय बिरूवा र घाँस काट्ने औजार प्राप्त गरेको ।
- प्रभु बैंकबाट रूख छिमल्ने मेसिन एक वटा प्राप्त गरेको ।
- स्थानीय विद्यालयको सहयोगमा सरसफाइ कार्यक्रम साप्ताहिक अभियानका रूपमा १६ हप्ता सञ्चालन गरेको ।

- वन तथा वातावरण मन्त्रालयको सहयोगमा अन्तर्राष्ट्रिय जैविक विविधता दिवस सन् २०१९ (जेठ ८, २०७६) मा ब्लक ६ को मनोहरा खोला किनारसमेतमा बहुउपयोगी १०० बिरूवा रोपण गरिएको ।

**आ.व. २०७६/७७**

**समाजको पहलमा**

- टोल समिति गठन र उद्यान समिति गठन र परिचालन गरेको ।
- कोभिड-१९ को महामारीको समयमा राहत वितरण गरेको ।
- सल्लाहकार परिषद्का सदस्यहरूबीच समन्वय बैठक : (२०७६।१०।१९) गरेको ।
- साप्ताहिक सरसफाइ अभियान १२ हप्तासम्म सञ्चालन गरेको ।
- विश्व सरसफाइ दिवस : सेप्टेम्बर २१, २०१९ (असोज ४, २०७६) मनाइएको ।
- २०७६ असोज ३ गते शुक्रबार ग्लोबल पब्लिक स्कूलको सहकार्यमा ब्लक १ मा राम मार्ग र चुचुरो मार्ग सफाइ अभियान गरिएको ।
- ग्लोबल पब्लिक स्कूलको सहकार्यमा २५ जनाका दुइवटा समूह निर्माण गरी मिति २०७६।०६।०३ गते ब्लक १ स्थित राम मार्ग र चुचुरो मार्ग सरसफाइ सम्पन्न । ३ वटा जनचेतनामूलक सूचना बोर्ड निर्माण गरेको ।
- CCTV जडान तथा व्यवस्थापन समिति गठन भई निजी क्षेत्रसँग छलफल कार्य अगाडि बढाइएको ।
- समाजकी तत्कालीन सल्लाहकार सरिता श्रेष्ठको संयोजकत्वमा दृश्य प्रदूषणको कारक तार व्यवस्थापन समिति गठन र लगत इष्टिमेट तयार गरी सहयोगका लागि कामपा वडा नं. ३२ मा पत्राचार गरिएको ।
- प्लानिङ क्षेत्र प्रवेशद्वारको नम्बर प्लेट राखिएको (१ देखि ११)

**अन्य कार्यालयको सहयोगमा**

- कोभिड-१९ को महामारीमा का.म.पा. ३२ र एक गैससबाट समेत २ पटक राहत वितरण गरेको ।
- का.म.पा. ३२ को सहयोगमा मनुमित्र संस्थाबाट ५०० वटा बेवारिसे कुकुर व्यवस्थापन गरेको ।
- उज्ज्वल तारा स्कूलको आयोजनामा Dashain Run for Good Health असोज ४ गते २०७६ र Talk Program असोज ११ मा भाग लिएको ।
- समुदाय-प्रहरी साझेदारी कार्यक्रम सञ्चालन
  - काँडाघारी प्रहरी प्रभाग र समुदायबाट ब्लक ३ मा गाँजाको बिरूवा उखेलिएको ।
  - साप्ताहिक सरसफाइ कार्यक्रममा सहभागिता जनाएको ।
  - अनधिकृत ३ वटा सवारी साधन पार्किङ हटाउन सहयोग गरेको ।

- मनोहरा वेष्ट मेनेजमेन्ट प्रा.लि.बाट ४ वटा जनचेतनामूलक सूचना बोर्ड निर्माण राइएको ।
- सार्वजनिक नेपाल यातायातले राष्ट्र सेवा उद्यान संभार, ४ वटा जनचेतनामूलक सूचना बोर्ड निर्माण गरिदिएको ।
- काठमाडौं उपत्यका खानेपानी आयोजनाको सहयोगमा ब्लक ६ को मनोहरा खोला किनारमा बृक्षारोपण, मनोहरा खोला किनार कटान नियन्त्रण र २ वटा सिँढी निर्माण गरेको ।
- नमूना सडकमा वरूण बिभरेजले सिसिटिभी १ जडान र दैनिक सरसफाइ सुरू गरेको ।

## आव २०७७/७८

**समाजको पहलमा**

- टोल समिति गठन जारी र उद्यान समिति परिचालन गरेको ।
- स्थानीय टोलकै प्रयासमा २ वटा गौरीपुत्र मार्ग र १२ वटा स्वावलम्बी र स्वाभिमानी टोलहरूबाट ब्लक ३ मा सीसी क्यामेरा जडान गरिएको ।
- स्थानीय स्तरबाट पहल भई ब्लक ५ मा हरियाली मार्गजस्ता नामकरण भएको छ भने घर नम्बर पनि राखिएको ।
- ब्लक ५ को हरेक शनिबार नमूना उद्यानको सरसफाइ गरिएको ।
- विश्व सरसफाइ दिवस समारोह आयोजना गरिएको ।

**अन्य कार्यालयको सहयोगमा**

- डिभिजन वन कार्यालय काठमाडौंले सिनामंगल मन्दिरदेखि खहरे चोकसम्म एकातर्फ बिरूवा रोपण गरेको ।
- काठमाडौं महानगरपालकाले ब्लक ३ को खुला स्थानलाई जनमैत्री हरित उद्यान नामकरण गरिदिएको ।
- का.म.पा.बाट करिब ५ किमि मार्ग स्तरोन्नति गरेको ।
- प्लानिङ क्षेत्रमा खानेपानी आपूर्तिका लागि का.उ.खा.लि.ले नक्सा तयार गरिसकेको र २ वर्षभित्र पाइप बिछ्याउने प्रतिबद्धता का.म.पा. ३२ मा सम्पन्न बैठकबाट जानकारी प्राप्त ।

## आ.व. २०७८/७९

**समाजको पहलमा**

- टोल समिति गठन र उद्यान समिति परिचालनको कार्य जारी रहेको ।
- स्थानीय पहलमा ब्लक १ का राष्ट्रसेवा उद्यानको पूर्वीभागमा तारबार लगाइएको ।
- नमूना उद्यानको सरसफाइ जारी राखिएको ।

- उद्यानमा सडक बत्ती जडान र तार खरिद गरिएको ।
- प्लानिङ क्षेत्रको व्यवस्थापन स्वामित्व हस्तान्तरणको फाइल समाजको पहलमा काठमाडौं उपत्यका विकास प्राधिकरणबाट शहरी विकास मन्त्रालयमा पेश गराइएको ।
- विश्व सरसफाइ दिवस समारोह आयोजना गरिएको ।
- आ.व. २०७९ वैशाख १० गते १९ औं साधारण सभा सम्पन्न भई–
  - २३ सदस्यीय कार्यसमिति गठन,
  - १५ सदस्यीय सल्लाहकार परिषद् गठन,
  - ११०० जना सदस्यमध्ये ८०० जनाको सदस्यता नवीकरण,
  - ४४ जना आजीवन सदस्य र,
  - २६ वटा टोल समिति गठन भएको,
  - नेक्सस एकेडेमीबाट साधारणसभाका लागि हल उपलब्ध ।
- "मेरो फोहोर मेरै व्यवस्थापन" मूल नारासहित सहरी विकास मन्त्रालयद्वारा आयोजित 'फोहरमैलाको दिगो व्यवस्थापनका लागि राष्ट्रव्यापी सचेतना अभियान, २०७९' असोज ८ गतेको कार्यक्रममा सहभागी ।

**अन्य कार्यालयको सहयोगमा**

- प्रभु बैंकले ब्लक ४ को सूर्यमुखी उद्यानमा बालबालिकाका लागि खेल सामग्री जडान गरिदिएको ।
- सडक डिभिजन काठमाडौंबाट ब्लक ६ मा मनोहरा कोरिडोर सडक निर्माण सम्पन्न भएको ।
- काठमाडौं महानगरपालिकाबाट ब्लक ६ मा मनोहरा खोला किनारमा टेवा पर्खाल निर्माण भएको ।
- काठमाडौं उपत्यका विकास प्राधिकरणबाट ब्लक २ को कपुर उद्यान स्तरोन्नति भएको ।
- काठमाडौं महानगरपालिकाबाट १०० वटा सडकबत्ती जडान र मर्मत भएको ।
- का.म.पा.को सहयोगमा मनुमित्र संस्थाबाट ५० वटा बेवारिसे कुकुर व्यवस्थापन गरिएको ।
- प्रदेश सरकारबाट कामपामार्फत खुला व्यायामशाला जडान (ब्लक ५ को नमूना उद्यान र ब्लक १ को राष्ट्रसेवा उद्यानमा) गरिएको ।
- प्रदेश सरकारबाट शहरी खानेपानी तथा सरसफाइ आयोजनाबाट पानी पँधेरो (ब्लक नं २ कपुर उद्यानमा) जडान गरी सञ्चालनमा ल्याइएको ।
- प्रदेश सरकारबाट काठमाडौं ३२ प्लानिङको ब्लक ६ र भक्तपुर जोड्ने पैदल पुल निर्माण गरेको ।

- डिभिजन वन कार्यालय, काठमाडौंबाट ब्लक ४ को सूर्यमुखी उद्यानको बिरूवा काँटछाँट र राष्ट्रसेवा उद्यान र हरियाली टोलमा राष्ट्रिय बृक्षारोपण महोत्सव २०७९ को उपलक्ष्यमा बिरूवा रोपण सम्पन्न भएको ।
- का.म.पा.बाट जेट मेसिन उपलब्ध भई ब्लक २ मा पानी निकास व्यवस्थापनमा प्रयोग भएको ।

## आ.व. २०७९/८०

**समाजको पहलमा**

- नवनिर्वाचित वडा अध्यक्षसहित सदस्यहरूलाई बधाइ तथा समाजका १४ वटा मुख्य समस्यहरू वडा कार्यालयमा पेश गरेको ।
- उद्यानहरूमा सरसफाइ जारी राखेको ।
- सरोकारवाला निकायहरूमा समाजका मागहरू मौखिक तथा लिखित रूपमा पेश गरेको ।
- स्थानीय क्लबहरूसँग समन्वय गरेको
- मनोहरा वेस्ट मेनेजमेन्ट प्रा.लि.सँग फोहोरमैला संकलन सम्बन्धी छलफल ।
- असोज १ गते विश्व सरसफाइ दिवस कार्यक्रम सम्पन्न (१७ सेप्टेम्बर, २०२२)

**अन्य कार्यालयको सहयोगमा**

- का.म.पा.बाट जेट मिसिन उपलब्ध भई ब्लक २ मा पानी निकास व्यवस्थापनमा प्रयोग गरिएको ।
- काठमाडौं महानगरपालिकाबाट बजेट विनियोजन (आ.व. २०७९/८०)
  - सिनामंगल टाउन प्लानिङ क्षेत्रभित्रका सडक स्तरोन्नति (धौलागिरि मार्ग, गौरीपुत्र मार्ग, हिमताज मार्गसमेत)
  - मनोहरा नदी किनारको सार्वजनिक जग्गा संरक्षण तथा पार्क निर्माण गर्ने ।
  - जनमैत्री हरित उद्यान निर्माण गर्ने ।
  - टाउन प्लानिङको नेपाल यातायात बसपार्क नजिकको पार्क निर्माण गर्ने (राष्ट्रसेवा उद्यान)
  - पुरानो सिनामंगल, मनोहरबस्ती र न्हाकाटी सडक स्तरोन्नति गर्ने ।
- काठमाडौं उपत्यका विकास प्राधिकरणबाट मार्ग मर्मत गर्न बजेट विनियोजन (आ.व. २०७९/८०)
  - न्हाकाटी मार्ग र गौरीपुत्र मार्ग समेत
- प्रदेश सरकारबाट मार्ग मर्मत गर्न बजेट विनियोजन (आ.व. २०७९/८०)
  - धौलागिरि मार्ग
  - अंचित मार्ग ।

भाग ६

# समाजका मागहरू

| सि.नं. | समग्र मागहरु |
| --- | --- |
| १ | का.म.पा. ३२ पुरानो सिनामंगलमा सञ्चालित सिनामंगल जग्गा एकीकरण आयोजना क्षेत्रको व्यवस्थापन स्वामित्व अनिवार्यतः सिनामंगल नगरसेवा समाजलाई हस्तान्तरण गरिनुपर्ने । |
| २ | का.म.पा. ३२ पुरानो सिनामंगलमा सञ्चालित सिनामंगल जग्गा एकीकरण आयोजना क्षेत्रको पुन अध्ययन गरी स्मार्ट शहर निर्माण गरिनुपर्ने । |
| ३ | छिटोभन्दा छिटो स्वच्छ खानेपानी आपूर्ति (सबै ६ वटा ब्लक) हुनुपर्ने । |
| ४ | सिनामंगल नगरसेवा समाजको लागि जग्गा खरिद र भवन निर्माण गरिनुपर्ने । |
| ५ | • ऐतिहासिक र वातावरणीय दृष्टिकोणले महत्वपूर्ण ब्लक नं ३ मा रहेको १७ रोपनीको खुला स्थानमा जनमैत्री हरित उद्यान निर्माण गरिनुपर्ने । (ब्लक ३ रहेको खुला स्थानमा पानी निकाससहित हरियो चौर, सफा चौर, शान्त चौर, उज्यालो चौर, सुरक्षित चौर र सहज आवत जावतको अवधारणा) ।<br>• सबै उद्यानमा पानी निकासको कुवा, सुरक्षाको लागि तारबार, हिँड्न वाकिङ ट्र्याक निर्माण गर्ने ।<br>• सबै उद्यान र वरपर रहेका ठूला रूखको काँटछाँट गरिनुपर्ने ।<br>• राष्ट्रसेवा, कपुर, नमूना, सूर्यमुखी उद्यानको (४ वटै) स्तरोन्नति कार्यक्रम राखिनुपर्ने ।<br>• मनोहरा खोलाको किनारमा रहेको सार्वजनिक जग्गामा जेष्ठ नागरिक विश्रामस्थल तथा सामुदायिक स्वास्थ्य केन्द्र स्थापना (ब्लक ६ पश्चिम वाग्मती पुल नजिकै) गरिनुपर्ने ।<br>• सिनामंगल सडक र महादेवचौर सडकको किनार वृक्षारोपण र खहरे दायाँबायाँ दोभान (ब्लक ६) सम्म वृक्षारोपण गरिनुपर्ने ।<br>• घर घरमा बिरूवा रोपणका लागि उपयुक्त बिरूवा वितरण गर्ने ।<br>• ग्रीनबेल्ट तथा मनोहरा नदी किनार संरक्षणका लागि टेवा पर्खाल निर्माण र पार्क निर्माण । |

| | |
|---|---|
| ६ | • फोहरमैला व्यवस्थापनका लागि स्रोतमा नै फोहर छुटयाई कुहिने फोहरबाट कम्पोष्ट बनाउने र नकुहिने फोहरको संकलन र मोहरको व्यवस्था गरिनुपर्ने ।<br>• फोहर संकलन रकमबारे का.म.पा. र वडा नं ३२ बाट सूचना दिनुपर्ने ।<br>• महिला समूहहरूका (५०० जना) लागि शहरी तथा कौशी खेती कार्यक्रम, गैरकृषि सीपमूलक तालिम सञ्चालन र कम्पोष्टिङको व्यवस्था गरिनुपर्ने ।<br>• कोरिडोर तथा अन्य निजी खाली जग्गामा फोहर फाल्ने क्रियाकलाप रोकथाम र नियन्त्रण गरिनुपर्ने । |
| ७ | • अपराध नियन्त्रण, दुर्घटना न्यूनीकरण र सुशासनका लागि प्लानिङ प्रवेशद्वार र वाहिर भित्री मुख्य चौकहरूमा सी.सी. क्यामेरा जडान गरिनुपर्ने ।<br>• प्लानिङ क्षेत्रमा ११ वटा प्रवेशद्वार निर्माण गरिनुपर्ने । |
ग. "संस्था" भन्नाले "सिनामंगल नगर सेवा समाज" लाई जनाउँछ ।

घ. "समाज" भन्नाले "सिनामंगल नगर सेवा समाज" लाई जनाउने छ ।

ङ. "कार्यसमिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्यसमितिलाई जनाउँछ । यस शब्दले कुनै काम गर्न वा कुनै निश्चित उद्देश्य प्राप्त गर्नका लागि कार्यसमितिले गठन गरेको समिति वा उपसमितिहरू समेतलाई जनाउँछ ।

च. "सभा" भन्नाले यस विधानबमोजिम बसेको साधारणसभा वा विशेष साधारणसभालाई समेत जनाउँछ ।

छ. "बैठक" भन्नाले यस विधानबमोजिम बसेको साधारणसभा, विशेष साधारणसभा, कार्यसमिति र सचिवालयको बैठकलाई समेत बुझ्नुपर्छ ।

ज. "पदाधिकारी" भन्नाले कार्यकारी समितिका कुनै पनि पदाधिकारीलाई सम्झनु पर्दछ । यस शब्दले आवश्यकता अनुसार निर्वाचित, मनोनित वा नियुक्ति हुने अन्य व्यक्ति वा सल्लाहकार वा संस्थाका कर्मचारी समेतलाई जनाउने छ ।

झ. "नियम/विनियम" भन्नाले यस विधानअन्तर्गत बन्ने नियम/विनियमलाई जनाउँछ ।

ञ. "कार्यालय" भन्नाले यस संस्थाको कार्यालयलाई बुझ्नुपर्छ ।

ट. "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको श्रावण १ गतेदेखि अर्को वर्षको असार मसान्तसम्मको समयावधिलाई जनाउँछ ।

ठ. "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

ड. "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यो विधान र यस विधानअन्तर्गत बनेका नियम, विनियम वा कार्यसमितिको निर्णयानुसार तोकिएको वा तोकिएबमोजिम भन्ने सम्झनुपर्छ ।

ढ. "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ ।

ण. "सदस्य" भन्नाले संस्थाको कुनै पनि प्रकारको सदस्यता (साधारण, आजीवन, संरक्षक, संस्थागत, मानार्थ, सल्लाहकार एवं कार्यसमितिको पदाधिकार समेत) प्राप्त गरेको व्यक्ति वा सङ्घसंस्थालाई जनाउँछ ।

३. **संस्थाको छाप र चिन्ह**

प्रचलित कानुनी व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूची– १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम, छाप र चिन्ह यसपूर्व दर्ता भएको कुनै संस्थासँग मेल खान पुगेमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त परिवर्तन गरिनेछ ।

## परिच्छेद–२
## उद्देश्य

४. **संस्थाको उद्देश्य**

आफ्नो कार्यक्षेत्रभित्र सञ्चालन हुने विकासात्मक, निर्माणात्मक, मनोरञ्जनात्मक, सशक्तीकरणात्मक र वातावरणीय संरक्षणसम्बन्धी लगायतका विभिन्न क्रियाकलापहरूलाई समन्वयात्मक र सहजीकृत ढंगबाट परिचालन गराउन छातासंस्थाको रूपमा रहेको यस संस्थाका उद्देश्यहरू देहायबमोजिम हुनेछन् :

क. नगरक्षेत्रको आवश्यकता अनुसारको विकास, विकास-निर्माणका कार्यहरू, पुल–पुलेसा, कल्भर्ट, बाटोघाटोको गुणस्तर, विद्युत, टेलिफोन, खानेपानी, सरसफाइ, ढल-निकास, फोहरमैला आदिको व्यवस्थापन सम्बन्धी कार्यहरू गर्ने/गराउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने ।

- स्थानीय नगर क्षेत्रको चौतर्फी विकासका लागि जननिर्वाचित वडा समितिलाई आवश्यक सल्लाह, सुझाव र योजना प्रस्तुत गर्ने,

- टोलका ज्येष्ठ नागरिकहरूको शारीरिक-मानसिक स्वास्थ्य, हेरचाह र मनोरञ्जनात्मक वातावरणका लागि आवश्यक व्यवस्था मिलाउने,
- टोलका युवाहरूको शारीरिक, मानसिक र बौद्धिक विकासको लागि आवश्यक व्यवस्था मिलाउन पहल गर्ने,
- टोलको सुरक्षा व्यवस्थालाई सुदृढ तुल्याउन आवश्यक पहल गर्ने,
- टोलको सौन्दर्य, आपसी सद्भाव र सहयोग बृद्धि गर्न सदैव प्रयत्नशील रहने ।

ख. परम्परागत सीपलाई आधुनिकीकरण गरी आधुनिक सीप विकासको लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।

ग. निरक्षर समूहमा शैक्षिक वातावरण सिर्जना गर्नका लागि कार्यमूलक प्रौढ शिक्षामा सहयोग गर्ने ।

घ. स्थानीय रूपमा उपलब्ध सीप, साधन र श्रोतलाई परिचालन गर्दै न्यून आय भएका तथा पिछडिएका नगरवासीको जीवनस्तर सुधार्न आवश्यक सामाजिक तथा औद्योगिक कार्यक्रमहरू सञ्चालन गर्ने ।

ङ. विकासका काममा जनताको नियमित र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न प्रेरित गर्ने ।

च. नेपाल सरकारका सम्बद्ध निकायहरूको स्वीकृति र समन्वयमा सरकारी तथा गैरसरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सहयोग र समन्वय कायम गरी सामुदायिक विकासका लागि आयोजना सञ्चालन गर्ने ।

छ. स्थानीय जनसमुदायलाई वातावरणीय संरक्षण कार्यमा सहभागी गराई स्वच्छ, सफा र हराभरा शहर बनाउन प्रयास गर्ने ।

ज. प्राकृतिक वातावरणको संरक्षण र विकासका क्रियाकलापहरूलाई सँगसंगै लैजाने ।

झ. विकासप्रेमी तर पहुँचरहित समुदायलाई आफ्नो विषयवस्तुसँग सम्बन्धित तालिम, गोष्ठी र अध्ययन भ्रमण गराई उनीहरूको क्षमताको विकास गर्दै जाने ।

ञ. सामाजिक विकाससँग सम्बन्धित विषयहरूमा विभिन्न सभा, गोष्ठी, सेमिनार र छलफलहरू गरी मुखपत्र, बुलेटिन, पुस्तक आदिको माध्यमबाट विचारहरूको प्रवाह गर्ने ।

ट) सामाजिक विकास सम्बन्धी अध्ययन, अनुसन्धान तथा अन्य एकेडेमिक कार्यहरू गर्ने ।

ठ) कार्य समितिको निर्णय अनुसार उल्लेखित उद्देश्यहरूसँग प्रत्यक्ष सम्बन्धित, अनुसाङ्गिक वा प्रासङ्गिक रहेका अन्य विकासात्मक वा परोपकारी गतिविधिहरूमा संलग्न हुने कार्य गर्ने ।

ड) नगर विकास क्षेत्रभित्र पर्ने खुल्ला मैदान, पार्कहरू, बगैंचा क्षेत्र जस्ता सार्वजनिक सम्पतिको संरक्षण र संबर्द्धन गरी सामाजिक/आर्थिक स्रोतको रूपमा विकास गर्ने/गराउने ।

ढ) नगर विकास क्षेत्रभित्र पर्ने मठ, मन्दिर, देवालय, पानीको स्रोत, पर्ती जग्गा जस्ता सार्वजनिक सम्पतिको संरक्षण र संबर्द्धन गरी सामाजिक सम्पतिको रूपमा विकास गर्ने/गराउने ।

ण) सार्वजनिक सम्पतिमाथि अनधिकृत अतिक्रमण भइरहेको भए त्यस्तो अतिक्रमणको अन्त्य गर्ने ।

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु**

क. उपर्युक्त उद्देश्यहरू मध्ये केही वा सबै परिपूर्ति गर्ने प्रयोजनको लागि यस संस्थाले निम्न लिखित केही वा सबै कार्य सम्पादन गर्न सक्नेछ :

- सदस्यता शुल्क, विभिन्न निकायहरूबाट प्राप्त हुने अनुदान, दान-बकस, उपहार, प्राप्त चन्दा रकम र त्यसबाट बढाएको सम्पत्ति र अन्य लगानी समेत रहेको कोषको संस्थापना र परिचालन गर्ने ।
- संगठित संस्थाले सामान्यतः गर्न सक्ने विशेषतः लोककल्याणकारी कार्यहरू गर्ने ।
- विकेन्द्रित शासन प्रणाली र स्थानीय स्वायत्त शासन ऐनले व्यवस्था गरे अनुसार उपभोक्ता समितिको काम कर्तव्य र अधिकार प्रयोग गर्न सम्बन्धित स्थानीय तहको सम्मति र स्वीकृति लिई अन्य कार्य गर्ने ।

ख. संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिन वा दिन सक्नेछ । कम्प्युटर, टेलिफोन, फ्याक्सजस्ता कार्यालयका सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग. संस्थाका कामहरू आफ्नो मूल कार्यसमिति वा ब्लकस्तरमा रहेका एकाइ/सञ्जाल मार्फत् सञ्चालन हुनेछन् ।

घ. संस्थाको नाममा प्राप्त हुने रकम संस्थाको नाममा बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

ङ यस संस्थाले आवश्यकता र औचित्यका आधारमा संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनीहरूको सेवा, शर्त, सुविधा तोक्ने काम गर्न सक्नेछ ।

च. यो संस्था मूलतः सामुदायिक विकास अभियानसँग सम्बन्धित रहेकाले विभिन्न स्थानीय सञ्जालहरूको निर्माण र नगरक्षेत्रलाई कुरूप बनाउने अव्यवस्थाका विपक्षमा जनमत, दबाब र खबरदारी गर्ने वातावरण सिर्जना गर्दै यसले निरन्तर निगरानीकर्ताको भूमिकामा रहने रणनीति अख्तियार गर्नेछ ।

## परिच्छेद–३
## सदस्यता

### ६. सदस्यहरुको वर्गीकरण

यस संस्थाका सदस्यहरूलाई देहायबमोजिम छ वर्गमा वर्गीकरण गरिएको छ :

१. **संस्थापक सदस्य** : यो संस्था दर्ता गर्दाताका संस्थापकका रूपमा रहेका सदस्यहरू यस संस्थाका संस्थापक सदस्य हुनेछन् तर यसै दफाको प्रकरण (ग) बमोजिम आजीवन सदस्यता प्राप्त नगरेको व्यक्ति संस्थाको संस्थापक सदस्य हुन सक्नेछैन ।

२. **साधारण सदस्य** : यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि व्यक्तिले तोकिएको प्रक्रियाअन्तर्गत रहेर प्रवेश शुल्क र वार्षिक सदस्यता शुल्क भुक्तान गरी संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछन् । यस्ता व्यक्तिहरू यस समाजका साधारण सदस्य हुनेछन् ।

३. **आजीवन सदस्य** : संस्थाको विकास, विस्तार र सुदृढीकरणका लागि विशेष योगदान पुऱ्याउन इच्छुक व्यक्तिहरूलाई तोकिएको प्रक्रियाअन्तर्गत रही कार्यसमितिको निर्णयानुसार आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

४. **संरक्षक सदस्य** : संस्थाको विकास, विस्तार र सुदृढीकरणका लागि उल्लेख्य सहयोग/योगदान पुऱ्याएका विकासप्रेमी व्यक्ति वा संस्थाहरूले यस संस्थासँग सहकार्य गर्ने इच्छा व्यक्त गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई तोकिएको प्रक्रियाअन्तर्गत रही कार्यसमितिको निर्णयानुसार संरक्षक सदस्यता प्रदान गर्न सकिनेछ । कुनै सङ्गठित संस्थाले संरक्षक सदस्यता प्राप्त गरेको हकमा त्यसको मताधिकार व्यक्ति सरह हुनेछ ।

५. **संस्थागत सदस्य** : संस्थाको विकास, विस्तार र सुदृढीकरणका लागि विशेष सहयोग/योगदान पुऱ्याउन इच्छुक सङ्गठित सङ्घसंस्थाहरूले यस संस्थासँग सहकार्य गर्ने इच्छा व्यक्त गरेमा त्यस्तो सङ्घसंस्थालाई तोकिएको प्रक्रियाअन्तर्गत रही कार्यसमितिको निर्णयानुसार आजीवन सदस्यता प्रदान गर्न सकिनेछ । यस्ता संस्थाको मताधिकार पनि व्यक्तिसरह नै हुनेछ ।

६. **मानार्थ सदस्य** : यस नगरक्षेत्रको श्रीवृद्धिको अभियानमा उपयुक्त ठहर भएको विशिष्ट विकासप्रेमी तथा विषयगत योगदानका कारणले प्रतिष्ठित विज्ञ व्यक्तित्वलाई कार्यसमितिको निर्णयानुसार संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ तर मानार्थ सदस्यको मताधिकार हुनेछैन ।

### ७. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता

यस संस्थाको सदस्यको लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :

क. पुरानो सिनामंगल जग्गा एकीकरण आयोजना क्षेत्रभित्रको विकसित घडेरीमा स्थायी बसोबास भएको,

ख. १८ वर्ष उमेर पूरा गरेको,

ग. मानसिक सन्तुलन ठीक भएको,

घ. सार्वजनिक सम्पति हिनामिना गरेको नठहरेको,

ङ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

च. संस्थाको उद्देश्य पूर्तिका लागि निःस्वार्थ भावनाले सेवा गर्ने चाहना भएको,

छ. नेपाली नागरिकता प्राप्त गरेको ।

८. **संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था**

देहायको अवस्थामा कुनै व्यक्ति यस संस्थाको सदस्यता प्राप्त गर्न वा भएको सदस्यतामा वहाल रहन सक्ने छैन :

क. गैरनेपाली नागरिक,

ख. १८ वर्ष उमेर पूरा नभएको,

ग. मगज बिग्रेको वा बहुलाएको,

घ. सार्वजनिक सम्पति हिनामिना गरेको ठहर भएको,

ङ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको,

च. सम्बन्धित संस्थाको व्यवस्थापनमा निजी स्वार्थ भएको,

छ. पुरानो सिनामंगल जग्गा एकीकरण आयोजना क्षेत्रभित्रको विकसित घडेरीमा स्थायी बसोबास नभएको,

ज. साहुको दामासाहीमा परेको,

झ. कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको १ वर्ष ननाघेको,

ञ. विधानको दफा ७ बमोजिमको योग्यता नपुगेको ।

९. **सदस्यताको समाप्ति** १. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा बहाल रहनेछैन :

क. यस विधानको दफा ८ बमोजिम सदस्यता प्राप्त गर्न नसकेमा,

ख. साधारण सभाको ७५ प्रतिशत सदस्यहरूको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा,

ग. सदस्यले आफ्नो पदबाट राजीनामा दिएमा,

घ. संस्थाको कामकारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा प्रमाणित भएमा,

ङ. यस विधानबमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा,

च. संस्था विघटन वा खारेज भएमा,

छ. बिनासूचना तीन पटक वार्षिक साधारणसभा वा कार्यसमितिको बैठकमा अनुपस्थित भएमा,

ज. सदस्यको मृत्यु भएमा ।

२. कुनै व्यक्तिका सम्बन्धमा संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराइनु भन्दाअघि निजलाई सो कुराको सूचना दिई, सफाइको सबुद पेश गर्ने मौका दिइनेछ ।

**१०. सदस्यता शुल्कसम्बन्धी व्यवस्था र सदस्यता प्रदान गर्ने विधि**

यस संस्थाको उद्देश्य, अवधारणा र नीतिअनुसार काम गर्न इच्छुक व्यक्ति वा सङ्घसंस्थाहरूले देहायबमोजिमको शुल्क तिरी यस विधानको दफा ६ बमोजिमको कुनै पनि सदस्यता प्राप्त गर्न सक्नेछन् :

१. **संस्थापक सदस्य** : यो संस्था दर्ता गर्दाका बखत संस्थापकका रूपमा रहेका यस संस्थाका सदस्यहरू स्वतः यस समाजका संस्थापक सदस्य हुनेछन् । तर संस्थापक सदस्यले संस्थाको आजीवन सदस्यता लिएको हुनुपर्नेछ ।

२. **साधारण सदस्य** : दफा ७ अनुसार योग्यता पुगेको कुनै पनि व्यक्तिले वार्षिक शुल्क वापत रू. २०० (दुई सय) बुझाई तोकिएको प्रक्रियाअनुसार कार्यसमितिको निर्णयबाट साधारण सदस्यता प्राप्त गर्न सक्नेछन् । यस्ता साधारण सदस्यले सदस्यता नवीकरण शुल्कवापत प्रत्येक वर्ष रू. २०० (दुई सय) बुझाउनुपर्नेछ । यस्ता साधारण सदस्यता प्राप्त गर्ने प्रत्येक सदस्यले प्रत्येक आर्थिक वर्षको पहिलो त्रैमास अर्थात् असौज मसान्तभित्रै सदस्यता नवीकरण शुल्क बुझाई सदस्यता नवीकरण गराइसक्नुपर्नेछ ।

३. **आजीवन सदस्य** : सदस्यता शुल्कवापत संस्थामा एकमुष्ट रू. ५००० (पाँच हजार) बुझाई तोकिएको प्रक्रियाअन्तर्गत कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ । यस्तो सदस्यताको नवीकरण गर्नुपर्ने छैन र यस विधानको दफा ९ को बर्खिलाफ नभएसम्म निजको सदस्यता आजीवन कायम रहनेछ ।

४. **संरक्षक सदस्य** : यस नगरक्षेत्रको विकास, विस्तार र आधुनिकीकरणका लागि यस संस्थालाई उल्लेख्य सहयोग/योगदान पुऱ्याउन इच्छुक विकासप्रेमी व्यक्ति वा सङ्घसंस्थाले एकमुष्ट रू. १,००,००० (एक लाख) वा सोभन्दा बढी नगद सहयोग गरी सहकार्य गर्ने इच्छा व्यक्त गरेको खण्डमा त्यस्तो व्यक्ति वा संस्थालाई तोकिएको प्रक्रियाअन्तर्गत

रही कार्यसमितिको निर्णयानुसार संरक्षक सदस्यता प्रदान गर्न सकिनेछ । संरक्षक सदस्यहरूलाई पूर्ण मताधिकारसहित यस समाजका विशिष्ट सदस्यको सम्मान प्राप्त हुनेछ ।

५. **संस्थागत सदस्य** : यस नगरक्षेत्रको विकास, विस्तार र सुविधामा बढोत्तरीका लागि यस संस्थालाई विशेष सहयोग/योगदान पुऱ्याउन इच्छुक संघ-संस्थाहरूले एकमुष्ट रू. ५०,००० (पचास हजार) वा सोभन्दा बढी शुल्क बुझाई सहकार्य गर्ने इच्छा व्यक्त गरेमा त्यस्तो संस्थालाई तोकिएको प्रक्रियाअन्तर्गत रही कार्यसमितिको निर्णयानुसार संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ ।

६. **मानार्थ सदस्य** : यस नगरक्षेत्रको विकास, विस्तार र सौन्दर्यीकरणको अभियानमा आफ्नो सक्रियता, दृष्टिकोण र संचेतनाका कारणले उपयुक्त ठहर भएको विशिष्ट समाजसेवी तथा सामाजिक योगदानका कारणले प्रतिष्ठित स्वदेशी तथा विदेशी व्यक्तित्वहरूलाई कार्यसमितिको निर्णयानुसार संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

७. कुनै आवेदकलाई संस्थाको सदस्यता नदिइने निर्णय गरिएको भएमा सोको कारणसहितको जानकारी आवेदकलाई दिइनेछ ।

८. सबै सदस्यहरूले यस विधान र विधानअन्तर्गत बनेको नियम र विनियमबमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

९. संस्थाले प्रदान गरेका सबै खाले सदस्यहरूको व्यक्तिगत विवरण तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिकामा राखिनेछ ।

## परिच्छेद–४
## साधारणसभा, कार्यसमिति तथा बैठकसम्बन्धी व्यवस्था

### ११. साधारणसभा

१. यस विधानको दफा ६ अनुसार सदस्यता प्राप्त गर्ने (मानार्थ सदस्यबाहेक) सबै सदस्यहरू सम्मिलित भएको एक साधारणसभा हुनेछ । यसमा मानार्थ सदस्य र सल्लाहकारहरू आमन्त्रितका रूपमा रहनेछन् । साधारणसभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

२. साधारण सभा दुई प्रकारका हुनेछन् :

(क) **वार्षिक साधारण सभा** : यो सामान्यतया वर्षको एकपटक बस्नेछ ।

(ख) **विशेष साधारण सभा** : संस्थाको कूल सदस्य सङ्ख्याको १/४ (एक चौथाई) सदस्यहरूले कारण जनाई विशेष साधारण सभा माग गरेमा कार्यसमितिले कम्तीमा १५ दिनभित्र अनिवार्य रूपमा विशेष साधारणसभा बोलाउनु पर्नेछ । तर

साधारणसभा वा विशेष साधारणसभा बसेको ६ महिनाभित्र पुनः विशेष साधारणसभा बस्न सक्ने छैन ।

२. संस्थाको वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्रमा गरिनेछ ।

३. संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा ३० दिन अगावै र विशेष साधारणसभाका लागि कम्तीमा १५ दिनअगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषयको सूची (एजेन्डा) खोली सबै सदस्यहरूलाई सार्वजनिक रूपमा सूचना दिइनेछ ।

४. उपदफा (३) बमोजिम बोलाइएको साधारणसभा वा विशेष साधारणसभामा गणपूरक सङ्ख्या नपुगी सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुनः साधारण सभा बोलाउन सकिनेछ । यसप्रकार कम्तीमा पाँच दिनको म्याद दिई पुनः तेस्रो पटक बोलाइएको साधारण सभामा भने गणपूरक सङ्ख्याको कुनै सङ्ख्यात्मक व्यवधान हुने छैन ।

५. साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिनेछ ।

१२. **साधारणसभाको काम, कर्तव्य र अधिकार**

साधारणसभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क. कार्यसमितिले पेश गरेका सिद्धान्त, नीति, योजना, कार्यक्रमहरू र वार्षिक बजेट पारित गर्ने ।

ख. लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षणबाट देखिएका अनियमितता र बेरूजु रकमहरूमाथि छलफल गरी नियमित गर्न नमिल्ने बेरूजु रकमहरू असुल उपर गरी फर्छ्यौट गर्नका लागि कार्यसमितिलाई निर्देशन दिने ।

ग. आगामी वर्षका लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ. संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेका कार्यहरूको मूल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ. संस्थाको कार्यसमितिका पदाधिकारीहरूको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारीहरूको विधानबमोजिमको प्रक्रियाअन्तर्गत रही निर्वाचन गर्ने ।

च. कार्यसमितिद्वारा पेश गरिएको विधान संशोधनको प्रस्ताव, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ. संस्थाको आफ्नै आन्तरिक स्रोतबाट बेहोर्ने गरी कार्यसमितिले पेश गरेका कर्मचारीहरूको दरबन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरूमा आवश्यकताअनुरूप स्वीकृति प्रदान गर्ने ।

ज. यस विधानमा उल्लिखित उद्देश्यअनुसारको अन्य कार्य गर्ने/गराउने ।

झ. कार्यसमितिले दिएको मानार्थ सदस्यता र दफा १७ (१.छ) अनुसार मनोनित सदस्यहरूको नामावली र कार्य विभाजन अनुमोदन गर्ने ।

ञ. कार्यसमितिबाट संस्थाको हित अनुकूल भएका कामकारबाहीहरूको औचित्य हेरी अनुमोदन गर्ने ।

ट. संस्थाको सर्वोच्च अङ्गको रूपमा रही कार्यसमितिलाई मार्गदर्शन र निर्देशन गर्ने ।

१३. **कार्यसमितिको गठन**

१. साधारणसभाबाट निर्वाचित अध्यक्ष– १, उपाध्यक्ष– १, महासचिव– १, सचिव– १, कोषाध्यक्ष– १ र ६ वटै ब्लकबाट सम्बन्धित ब्लकका मतदाताहरूले छनौट गरी पठाएका कम्तीमा एक जना महिलासहित बढीमा दुई जनाका दरले निर्वाचित भइआएका सदस्यहरू (६x२) = १२ जना गरी जम्मा १७ जना पदाधिकारीहरू र विधानको दफा १७ (१.छ) बमोजिम अध्यक्षबाट मनोनित बढीमा ६ जना सदस्यसमेत गरी जम्मा २३ सदस्यीय एक कार्यसमिति गठन गरिनेछ ।

२. विधानको दफा १३ (१) बमोजिम साधारणसभाबाट निर्वाचित हुने सदस्यहरू र अध्यक्षबाट दफा १७ (१.छ) बमोजिम मनोनित हुने सदस्यहरू समेत मिलाएपछि समाजको कार्य समितिको स्वरूप देहायबमोजिम हुनेछ :

| | |
|---|---|
| (क) अध्यक्ष | - १ जना |
| (ख) उपाध्यक्ष | - १ जना |
| (ग) महासचिव | - १ जना |
| (घ) सचिव | - १ जना |
| (छ) कोषाध्यक्ष | - १ जना |
| (ज) ६ वटा ब्लकबाट निर्वाचित सदस्य (६x२) | - १२ जना |
| (झ) अध्यक्षबाट मनोनित सदस्य | - ६ जना |

३. कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ ।

४. वार्षिक साधारणसभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा कार्यसमितिद्वारा बाँकी अवधिका लागि सदस्यको मनोनयन गर्न सकिनेछ । यसरी सो पदमा मनोनित वा निर्वाचित भएको सदस्यको कार्यकाल बाँकी अवधिका लागि मात्र हुनेछ ।

५. कार्यसमितिको बैठक आवश्यकताअनुसार अध्यक्षले बोलाउनेछ तर कार्यसमितिका पदाधिकारीहरूको बहुमतले बैठक बोलाउन माग गरेमा अध्यक्षले तुरून्त कार्यसमितिको बैठक बोलाउनुपर्नेछ ।

६. कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको कुल सङ्ख्याको कम्तीमा बहुमत पदाधिकारीहरू उपस्थित नभई कार्यसमितिको बैठक बस्नेछैन ।

७. कार्यसमितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा महासचिवले र महासचिवको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरूले छानेको वा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

८. कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

९. कार्यसमितिको बैठकमा छलफल भएका विषयहरूको छुट्टै निर्णय किताबमा लेखी राखिनेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सही गर्नुपर्नेछ तर निर्णयमा असहमति जनाउनेहरूले कैफियत खोली सही गर्नुपर्नेछ ।

१०. संस्थाले गर्ने भनिएका सम्पूर्ण कामहरू कार्यसमितिको निर्णयबाट हुनेछन् ।

११. माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सबै पदाधिकारीहरू लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । यस बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको अनुमोदित निर्णयसरह मानिनेछ ।

१२. कार्यसमितिले दैनिक कार्यसम्पादनका लागि अध्यक्षको अध्यक्षतामा बढीमा ११ (एघार) जनासम्मको सचिवालय निर्माण गर्न सक्नेछ र यस सचिवालयले गरेका कामकारबाही र निर्णयहरू कार्यसमितिले गरेसरह हुनेछन् ।

१४. **कार्यसमितिको काम, कर्तव्य र अधिकार**

कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

१. संस्थाको सिद्धान्त, नीति र आगामी वर्षका लागि वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारणसभामा प्रस्तुत गर्ने,

२. विधानबमोजिमको व्यवस्था पालना गरी साधारणसभाको निर्णय कार्यान्वयन गर्ने/गराउने,

३. संस्थाको हितमा हुने कार्यक्रमहरू सञ्चालन गर्ने,

४. साधारणसभाप्रति उत्तरदायी रहने,

५. संस्थाको सम्पति संरक्षण गर्ने र दिगो आर्थिक स्रोतको रूपमा सम्पतिको परिचालन गर्ने,

५. दफा १३ बमोजिम गठित कार्यसमितिमा बढीमा थप ६ (छ) सदस्य मनोनित गरी बढीमा २३ (तेइस) सदस्यीय कार्यसमिति बनाउन अध्यक्षलाई सामान्य परामर्श दिने,

६. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गर्ने,

७. संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने, स्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने,

८. आफ्ना मातहतमा रहेका समितिहरूलाई सामुदायिक विकासका निमित्त सक्रिय गराउने,

९. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने,

१०. संस्थाका कर्मचारीहरूको सेवा शर्त र सुविधा आदिसम्बन्धी कर्मचारी नियमावली बनाई साधारणसभाबाट स्वीकृत गराई लागू गर्ने/गराउने,

११. संस्थाको उद्देश्य परिपूर्तिका लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहकार समिति तथा अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकताअनुरूप कार्यको बाँडफाँड गर्ने,

१२. संस्थाका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१५. पद त्याग गर्न सक्ने**

अध्यक्षले उपाध्यक्षमार्फत् कार्यसमितिसमक्ष र उपाध्यक्ष तथा कार्यसमितिका अन्य पदाधिकारीहरूले अध्यक्षसमक्ष राजिनामा दिई पदत्याग गर्न सक्नेछन् ।

**१६. अन्य समितिहरु**

१. कार्यसमितिले यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य सञ्चालनका लागि चाहिने आवश्यकता अनुसारका अन्य कार्यमूलक समिति, उपसमिति वा सल्लाहकार परिषद्समेत गठन गर्न सक्नेछ । कार्यविशेषका लागि गठन गरिएका यस्ता समितिहरू पछि साधारणसभाको बैठकद्वारा अनुमोदन गराउनुपर्नेछ ।

२. यस्ता समिति वा उपसमितिको काम, कर्तव्य र अधिकार कार्यसमितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद–५
## पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**१७. कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

१. अध्यक्षको काम, कर्तव्य र अधिकार

क. कार्यसमिति र साधारणसभाको बैठकको अध्यक्षता गर्दै बैठक सञ्चालन गर्ने,

ख. निर्णायक मत दिने,

ग. संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

घ. संस्थाको नेतृत्व लिने,

ङ. आवश्यकताअनुसार बैठक बोलाउने वा महासचिव वा सचिवलाई बैठक बोलाउन निर्देशन दिने,

च. दफा १३ बमोजिम निर्वाचित पदाधिकारी एवं सदस्यहरूलाई कामको बाँडफाँड गर्ने,

छ. कार्यसमितिको सामान्य परामर्शमा दफा १३ बमोजिम गठित कार्यसमितिमा पदाधिकारीसहित बढीमा थप ६ (छ) सदस्य मनोनित गरी आवश्यकता भएमा तिनको कार्यविभाजन समेत गर्ने,

ज. अभिलेख प्रमाणित गर्ने,

झ. वैदेशिक तथा आन्तरिक संस्थाहरूसँग सम्बन्ध राख्दा आवश्यक सम्झौता गर्ने,

ञ. कुनै पदाधिकारीको अनुपस्थितिमा सो पदाधिकारीले गर्ने काम अन्य कुनै पदाधिकारी वा सदस्यलाई गर्न लगाउने,

ट. आवश्यकता र औचित्य हेरी एक पटकमा बढीमा रू. २०,००० (बीस हजार) सम्म खर्च गर्ने,

ठ. खुलाचौर, अन्य उद्यान क्षेत्र लगायतका संस्थाको सम्पतिको संरक्षण, रेखदेख र नियन्त्रण गर्ने,

ड. संस्थाको उद्देश्य र आफ्नो पदको गरिमालाई ध्यानमा राख्दै अन्य आवश्यक कार्यहरू गर्ने ।

**२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

क. अध्यक्षलाई सहयोग गर्ने,

ख. अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने,

ग. अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै कार्य गर्ने,

घ. अन्य तोकिएका कार्यहरू गर्ने ।

**३. महासचिवको काम, कर्तव्य र अधिकार**

क. संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने,

ख. अध्यक्षको निर्देशनअनुसार बैठक र सभा बोलाउने,

ग. संस्थासँग सम्बन्धित अभिलेखहरू सुरक्षित राख्ने,

घ. अध्यक्षले दिएका अन्य जिम्मेवारी पूरा गर्ने,

ङ. संस्थाको गोपनीयता कायम गर्ने,

च. बैठकपुस्तिका सम्बन्धी सबै जिम्मेवारी लिने,

च. नगद वा जिन्सी सामानको लगत राख्ने,

छ. संस्थाबाट भएगरेका कामहरूको आवधिक प्रतिवेदन तयार गरी कार्यसमितिसमक्ष पेश गर्ने,

ज. आफूलाई तोकिएका कामहरूमध्ये केही वा सबै काम कार्यसमितिको सचिवमार्फत् गर्ने/गराउने,

ज. अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने ।

**४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

क. संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने,

ख. साधारणसभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने,

ग. संस्थाको लेखा दुरूस्त राख्ने,

घ. नियमित रूपमा वार्षिक लेखापरीक्षण गराउने,

ङ. चलअचल सम्पत्तिको अभिलेख र सोसम्बन्धी जिम्मेवारी वहन गर्ने,

च. सरोकारवाला निकायबाट संस्थाको लेखासम्बन्धी प्रतिवेदन माग भएमा तयार गरी पेश गर्ने,

छ. बेरूजु फछ्र्यौट गराउने,

ज. अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने ।

**६. सदस्यहरुको काम, कर्तव्य र अधिकार**

क. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने,

ख. संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने,

ग. संस्थाको उद्देश्य पूर्तिका लागि आवश्यक सहयोग गर्ने,

घ. आफ्नो नगरक्षेत्रको विकासका लागि अविचलित आस्था प्रकट गर्ने,

ङ. अध्यक्ष, उपाध्यक्षलगायतका अन्य पदाधिकारीद्वारा समय समयमा तोकिएका कार्यहरू गर्ने,

**७. संस्थाका अन्य पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

संस्थाका अन्य पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार अध्यक्ष वा आफूभन्दा वरिष्ठ पदाधिकारीले तोकिदिएबमोजिम हुनेछ ।

**१८. गणपूरक सङ्ख्या**

१. कुल सदस्य सङ्ख्याको कम्तीमा ६० (साठी) प्रतिशत साधारण सदस्यहरूको उपस्थिति नभई साधारणसभाको कामकारबाही अगाडि बढ्ने छैन ।

२. विधानको दफा ११ को (२) मा उल्लेख भएबमोजिम बोलाइएको साधारणसभा वा विशेष साधारणसभामा कुल सदस्य सङ्ख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

तर तेस्रो पटक बोलाइएको साधारण सभाको हकमा दफा ११ (४) बमोजिम हुनेछ ।

## परिच्छेद–६
## आर्थिक व्यवस्था

**१९. संस्थाको कोष**

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायबमोजिम प्राप्त भएका रकमहरू जम्मा हुनेछन् :

क. सदस्यतावापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम,

ख. कसैले स्वेच्छाले दिएको अनुदान वा सहायताबापत प्राप्त रकम,

ग. संस्थाको चल र अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम,

घ. संस्थाको कार्यक्षेत्रभित्र रहेका खुलाचौर र अन्य उद्यानहरूमा कार्यक्रम सञ्चालन गर्न दिएवापत प्राप्त हुने पटके वा सम्झौता अनुसारको एकमुष्ठ भाडा/वहाल/शुल्क रकम,

घ. स्वदेशी वा विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट सहयोगबापत प्राप्त रकम,

ङ. स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोगबापतको रकम,

च. संस्थाद्वारा सञ्चालित कार्यक्रमहरूबाट उठेको आर्थिक सहयोगबापतका रकमहरू,

छ. संस्था स्वयंले उपभोक्ता समितिको कार्य गरेवापत बचेबचाएको रकम ।

२. विदेशी सङ्घसंस्थाबाट आर्थिक सहयोग तथा अनुदान लिने अवस्था भएमा संस्थाले नेपाल सरकार, समाज कल्याण परिषद्बाट स्वीकृति लिनेछ ।

३. प्राप्त रकम बैंकमा रहेको सँस्थाको खातामा जम्मा गरिनेछ ।

**२०. खाता सञ्चालन**

संस्थाको बैंक खाता अध्यक्ष वा महासचिवमध्ये कुनै एकको र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन नियमअनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाइनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरिका**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहायबमोजिम तरिका अपनाई खर्च गरिनेछ :

क. संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिनेछैन,

ख. साधारणसभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ,

ग. कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारणसभामा अनिवार्य रूपले पेश गर्नुपर्नेछ,

घ. कोषको रकम खर्च गर्दा साधारणसभाको मार्गदर्शन विपरीत नहुने गरी कार्यसमितिको निर्णयानुसार खर्च गर्नुपर्नेछ ।

ङ. भैपरी, अन्य आकस्मिक वा विशेष परिस्थितिमा तत्कालै केही गर्न आवश्यक छ भन्ने लागेमा बढीमा रू. २०,००० (बीस हजार) सम्म रकम खर्च गर्ने अधिकार अध्यक्षलाई हुनेछ ।

**२२. संस्थाको लेखा र लेखा परीक्षण**

क. संस्थाको आयव्ययको लेखा प्रचलित कानुनबमोजिम स्पष्ट तवरले राखिनेछ ।

ख. संस्थाको लेखा परीक्षण प्रचलित कानुनबमोजिम रजिस्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

ग. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफैँ वा मातहतका कर्मचारीहरू खटाई संस्थाको हिसाबकिताब जाँच गर्न गराउन सक्नेछ ।

घ. लेखा परीक्षकको नियुक्ति साधारणसभाबाट हुनेछ ।

ङ. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरण १/१ प्रति स्थानीय अधिकारी, जिल्ला समन्वय परिषद् र यस संस्थासँग सम्बन्धित अन्य निकायहरूमा पेश गरिनेछ ।

## परिच्छेद–७
## निर्वाचन, अविश्वासको प्रस्ताव र विधान संशोधनसम्बन्धी व्यवस्था

**२३. निर्वाचनसम्बन्धी व्यवस्था**

क. कार्यसमितिको निर्वाचन प्रयोजनका लागि मौजुदा कार्यसमितिको निर्णयबाट बढीमा ३ (तीन) जनाको एक निर्वाचन समिति गठन गरिनेछ ।

ख. निर्वाचन समितिले प्रचलित कानूनको परिधिभित्र रही आफूले गराउनुपर्ने निर्वाचनको कार्यविधि आफैँ व्यवस्थित गर्नेछ ।

ग. निर्वाचनसम्बन्धी विषयमा कुनै विवाद उत्पन्न भएमा निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

घ. निर्वाचन सम्पन्न भई नवनिर्वाचित कार्यसमितिले शपथ ग्रहण गरेपश्चात् निर्वाचन गराउने प्रयोजनका लागि साधारणसभाको सहमतिमा निर्मित निर्वाचन समिति स्वतः विघटित हुनेछ ।

**२४. उम्मेदवार हुने योग्यता**

कार्यसमितिको उम्मेदवार हुन देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :

क. संस्थाको उद्देश्यप्रति प्रतिबद्ध रही आजीवन सदस्यता प्राप्त गरेको हुनुपर्नेछ,

ख. यस संस्थाको सामुदायिक विकाससम्बन्धी सिद्धान्त, नीति र अवधारणाप्रति अविचलित निष्ठा रहेको हुनुपर्नेछ,

ग. संस्थासँगको कारोबारमा कुनै बाँकी बक्यौता नभएको हुनुपर्नेछ,

घ. संस्थाप्रति इमानदार रही निरन्तर संस्थाको हितमा लागिरहेको हुनुपर्नेछ,

ङ. अर्को निर्वाचन नभएसम्मका लागि यो संस्थासँगै दर्ता भएको कार्यसमितिलाई माथिको उपदफा (क) र (ग) लागू हुनेछैन ।

**२५. अविश्वासको प्रस्ताव**

१. अविश्वासको प्रस्ताव प्रस्तुत गर्दा लिखित रूपमा र कुन पदाधिकारीको विरूद्धमा हो सो कुरा स्पष्ट रूपमा खुलाई देहायबमोजिमको रीत पुर्‍याई संस्थामा दर्ता गर्नुपर्नेछ :

क. नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ,

ख. प्रस्तावको विषय स्पष्ट र व्यावहारिक खालको हुनुपर्छ,

ग. साधारणसभा सदस्यहरूमध्येबाट कम्तीमा एक चौथाइ सदस्यहरूको प्रस्ट नाम, थर र ठेगानासहित खुलाई सही भएको हुनुपर्छ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावका सन्दर्भमा स्पष्ट विषय खुलाई साधारणसभा वा विशेष साधारणसभा बस्ने स्थान, मिति र समयसमेत तोकी संस्थाको साधारणसभाका सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई विधानको दफा ११ (४) बमोजिम साधारणसभा वा विशेष साधारणसभा बस्ने सूचना दिनुपर्नेछ ।

**३. अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया**

क. साधारणसभाको अध्यक्षता गर्ने व्यक्तिले साधारणसभामा दफा २५ को उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्ने अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरूमध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारणसहितको आफ्नो अभिमत सभासमक्ष प्रस्तुत गर्नेछ ।

ख. दफा २५ को उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्तावको पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्तावउपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग. दफा २५ को उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारी वा पदाधिकारीहरूविरूद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीलाई आफ्नो सफाइ पेश गर्न आफ्ना भनाइहरू राख्ने अनुमति दिनेछ ।

**४. अविश्वासको प्रस्तावमाथि निर्णय**

(१) अविश्वासको प्रस्तावमाथि आफ्नो भनाइ र सफाइ प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको पक्ष वा विपक्ष केमा बहुमत छ भन्ने निर्णयका लागि देहायबमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ :

क. अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा विभाजन गरेर वा

ख. साधारणसभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

(२) साधारणसभाका कुल सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले मात्र अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तोप्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरू तत्क्षण पदमुक्त हुनेछन् ।

(३) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्तिउपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइनेछैन ।

२६. **विधान संशोधन**

साधारणसभाका कुल सदस्य सङ्ख्याको न्यूनतम दुई तिहाई साधारणसभा सदस्यहरूले अनुमोदन गरेपश्चात् मात्र संस्थाको विधानको कुनै दफा संशोधन वा खारेज वा विधानको पूर्ण परिमार्जनका लागि स्थानीय अधिकारीसमक्ष सिफारिस गरी पठाउनुपर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भएपश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज वा विधानको पूर्ण परिमार्जन भएको मानिनेछ ।

२७. **नियम बनाउन सक्ने**

क. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम/विनियम बनाउन सक्नेछ र सो नियम साधारणसभाबाट पारित गराई लागू हुनेछ । यसरी नियम वा विनियम पारित गरेको कुरो स्थानीय अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

ख. यो विधान र विधानअन्तर्गत बनेको नियम वा विनियमको अधीनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासनसम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्ता विनियमहरू साधारणसभाबाट अनुमोदन गराउनुपर्नेछ ।

२८. **कर्मचारीको व्यवस्था**

क. संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनका लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा, कर्मचारीका सेवा शर्तहरू र अपनाउनुपर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

ख. संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन एवं कार्यान्वयन गर्न विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यतासमेतको विवरण स्थानीय अधिकारी, जिल्ला समन्वय समिति र सरोकारवाला अन्य निकायहरूमा समेत जानकारी गराइनेछ ।

२९. **संस्था खारेजी**

१. साधारणसभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारणसभाले खारेजीको कामका लागि लेखा परीक्षकहरू नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा २ बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरूको पारिश्रमिक साधारणसभाले तोकेबमोजिम हुनेछ ।

४. यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा स्वतः नेपाल सरकारको हुनेछ ।

३०. **विधानको व्याख्या**

यो विधान र यस विधानअन्तर्गत बनेका नियम वा विनियमको व्याख्या गर्ने सम्पूर्ण अधिकार कार्यसमितिलाई हुनेछ ।

३१. **संस्थाको विशेष आचारसंहिता**

क. यस संस्थाका पदाधिकारी वा सदस्यहरूले संस्थाको अहित हुने कुनै पनि कार्य गर्नु हुँदैन ।

ख. आफ्नो नगरक्षेत्रको विकासको विपक्षमा हुने गरी कुनै गुटबन्दी गर्दै हिँड्नु हुँदैन ।

ग. कार्यसमितिका पदाधिकारी वा साधारणसभाका सदस्यहरूको बैठक वा सधारणसभामा सभ्य र शालीन ढङ्गले प्रस्तुत हुनुपर्नेछ । अशिष्ट र अश्लील शब्दावलीको प्रयोग गर्नु हुदैन ।

३२. **ऐनअनुसार हुने**

यस विधानमा उल्लेख भएका कुराहरू यसैबमोजिम हुनेछन् तर प्रचलित ऐन र कानुनसँग कुनै कुरा बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

३३. **निर्देशनको पालना**

नेपाल सरकार वा स्थानीय अधिकारीले समयसमयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।


३४. **खारेजी र बचाउ**

पुराना शब्दावली, सानो कार्यसोच र कार्यगत व्याप्तिको अभावमा वर्तमानको सन्दर्भ र आवश्यकतालाई पूरा गर्न पर्याप्त नदेखिएका कारणले २०५८ मा स्वीकृत विधानलाई पूर्णतः परिमार्जन गरी यो स्वरूप दिइएको छ । तर सो विधान अनुरूप भएगरेका सम्पूर्ण कामकारवाहीहरू र सिर्जित दायित्व र जिम्मेवारी यही परिमार्जित विधान अनुरूप भएगरेका मानिनेछन् ।

## अनुसूची–१ : संस्थाको छाप र चिन्हको विवरण



# हार्दिक मंगलमय शुभकामना



हिन्दुहरूको महान पर्व

**विजयादशमी, शुभ दीपावली,**

**छठ पर्व २०७९ तथा**

**नेपाल सम्वत् ११४३**



को उपलक्ष्यमा समस्त टोलवासी, नगरवासी एवम् देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विनोदराज पौड्याल


**बोन ट्राभल्स प्रा.लि.**

कमलपोखरी, काठमाडौं, फोन नं. ९८५१०३३०८७

*राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट, ट्रेकिङ, होलिडे प्याकेजका लागि सम्झनुहोस् ।*



# हार्दिक मंगलमय शुभकामना



**हिन्दुहरूको महान पर्व**

**विजयादशमी, शुभ दीपावली,**

**छठ पर्व २०७९ तथा**

**नेपाल सम्वत् ११४३**



को उपलक्ष्यमा समस्त टोलवासी, नगरवासी एवम् देश तथा विदेशमा रहनुभएका सम्पूर्ण शुभचिन्तकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भोलानाथ पाठक, अध्यक्ष

**पाँचतारा बचत तथा ऋण सहकारी सस्था लि.**

हिमगणेश मार्ग, सहकारी चोक, पुरानो सिनामंगल, काठमाडौं



हिन्दुहरूको महान पर्व

**विजयादशमी, शुभ दीपावली,**

**छठ पर्व २०७९ तथा**

**नेपाल सम्वत् ११४३**

को

उपलक्ष्यमा समस्त टोलवासी, नगरवासी
एवम् देश तथा विदेशमा रहनुभएका सम्पूर्ण
दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**देवेन्द्र बर्तौला**


(सदस्य-सिनामंगल नगरसेवा समाज)
मनोहर एकता मार्ग, पुरानो सिनामंगल,
काठमाडौं








# हार्दिक मंगलमय शुभकामना



**हिन्दुहरूको महान पर्व**

**विजयादशमी, शुभ दीपावली,**

**छठ पर्व २०७९ तथा**

**नेपाल सम्वत् ११४३**




को उपलक्ष्यमा समस्त टोलवासी, नगरवासी एवम्
देश तथा विदेशमा रहनुभएका सम्पूर्ण शुभचिन्तकहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मनमोहन श्रेष्ठ (अध्यक्ष)

**पुष्कर बचत तथा ऋण सहकारी संस्था लि.**

सिनामंगल सडक, पुरानो सिनामंगल, काठमाडौं

# हार्दिक मंगलमय शुभकामना



**हिन्दुहरूको महान पर्व**
**विजयादशमी, शुभ दीपावली,**
**छठ पर्व २०७९ तथा**
**नेपाल सम्वत् ११४३**



को उपलक्ष्यमा समस्त टोलवासी, नगरवासी एवम्
देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**कालिदास देवकोटा**
संयोजक, सल्लाहकार परिषद्
**सिनामंगल नगरसेवा समाज**

# हार्दिक मंगलमय शुभकामना



**हिन्दुहरूको महान पर्व**
**विजयादशमी, शुभ दीपावली,**
**छठ पर्व २०७९ तथा**
**नेपाल सम्वत् ११४३**




को उपलक्ष्यमा समस्त टोलवासी, नगरवासी एवम्
देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नागेश्वर ब्याडमिन्टन क्लब**

पुरानो सिनामंगल, प्लानिङ क्षेत्र, काठमाडौं

# हार्दिक मंगलमय शुभकामना




हिन्दुहरूको महान पर्व
**विजयादशमी, शुभ दीपावली,**
**छठ पर्व २०७९ तथा**
**नेपाल सम्वत् ११४३**
को उपलक्ष्यमा समस्त टोलवासी, नगरवासी एवम्
देश तथा विदेशमा रहनुभएका सम्पूर्ण शुभचिन्तकहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**प्रकाश रेडियो टिभी**
प्लानिङ क्षेत्र, पुरानो सिनामंगल, काठमाडौं
फोन : ९८५१०८७९५१

*रेडियो, टिभी, मोबाइल मर्मत गर्नुका साथै म्युजिक सिस्टमसम्बन्धी सेवाका लागि सम्फनुहोस् ।*

# हार्दिक मंगलमय शुभकामना



**हिन्दुहरूको महान पर्व**
**विजयादशमी, शुभ दीपावली,**
**छठ पर्व २०७९ तथा**
**नेपाल सम्वत् ११४३**
को उपलक्ष्यमा समस्त टोलवासी, नगरवासी एवम्
देश तथा विदेशमा रहनुभएका सम्पूर्ण शुभचिन्तकहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**हर्षित बचत तथा सहकारी संस्था लि.**
हिमताज मार्ग, पुरानो सिनामंगल
काठमाडौं

*"स्वच्छ, सफा, हराभरा, शान्त, सुरक्षित मनोहर बस्ती हाम्रो अभियान, यो सम्भव छ जबसम्म रहन्छ सबैको साथ, सहयोग र योगदान"*

## सिनामंगल नगरसेवा समाजको संगठनात्मक संरचना र कोष परिचालन अवधारणा

### हाम्रा सवालहरू

वरपरका २, ४ घरधुरीहरूका बीचमा पनि चिनजान नभएको, टोलबाटै हल गर्न सक्ने स–साना काममा पनि एकजुट नभएका कारण समस्या (ढल, पानी निकास, चर्को आवाज, धुलो) भोग्नु परेको

घर घरलाई असर पर्ने क्रियाकलाप बाहिरी व्यक्तिहरूबाट भएका, अनधिकृत रूपमा समाजको सम्पत्ति प्रयोग, कहिलेकाहीं पार्क निर्माण वा सोलार र साइरन जडान गर्दा, ढल मर्मत, बाटो मर्मत, जस्ता हरेक काममा छुट्टाछुट्टै अस्थायी समिति निर्माणका कारण दिगोरूपले जान नसकेको जस्को कारण आर्थिक पारदर्शिताका बारेमा प्रश्न उठिरहने

टोल र मार्गको नाम निर्धारण नभएकोले ठेगाना नै नभएको जस्तो, कोष परिचालन नभएको, टोलको ब्लकसंग र ब्लकको टोल र सिनसेससंगको सम्बन्ध कमजोर

बाहिरी हस्तक्षेपमुक्त, वातावरण मैत्री र सुविधायुक्त शहरको निर्माण गर्ने कार्य केवल कल्पनामा सीमित

| संगठन | कार्य क्षेत्र | कार्य विवरण र फाइदा | आर्थिक परिचालन |
|---|---|---|---|
| सिनसेस | सिनामंगल जग्गा एकीकरण आयोजनाले विकास गरेको ९३४ रोपनी, १५०० कित्ता, ६ वटा उद्यान निर्माणस्थल, २३ मार्ग र ४ सडक । जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको विधानमा उल्लेखित क्षेत्र अर्थात् ६ वटा ब्लकका ९३४ रोपनी, १५०० कित्ता, ६ वटा उद्यान निर्माण स्थल, मार्ग र सडकलाई कार्यक्षेत्र निर्धारण । | टोल, ब्लक र उद्यान समिति गठन तथा परिचालन । समाजका आम सदस्यहरूको सहभागितामा साधारणसभामा भएको सल्लाह अनुसार वार्षिक कार्ययोजना निर्माण । समाज भित्रैबाट र सरकारी तथा गैरसरकारी संस्थाहरूको सहयोग जुटाई कार्यान्वयनमा पहल गर्ने । हस्तक्षेप मुक्त, वातावरणमैत्री र सुविधायुक्त आवासक्षेत्र वा शहरको विकास गर्न पारदर्शी ढंगले समन्वय र सहकार्यका लागि सहजीकरण एवं पहल गर्ने । | **टोल समितिले आर्थिक सहयोग प्रदान**<br>प्रति घरधुरी वार्षिक रू. २००।०० |
| ब्लक समिति | ६ वटा ब्लकमा रहेकोले हरेक ब्लकमा औपचारिक दर्ता वा अनौपचारिक समितिहरू रहेको सिनसेसले निर्धारण गरेर तोकिएको सिमानाभित्रका घरधुरीहरूका महिला तथा पुरूष सदस्यहरूबाट निर्मित ब्लक समिति | ब्लक समिति गठन र परिचालन, ब्लकको नामाकरण । सिनसेससंग समन्वयमा पूर्वाधार विकास र मर्मतको कार्य योजना तयार गरी ब्लकमा रहेका टोल समिति परिचालन, नियमित छलफल, सिनसेससँग समन्वय, उद्यान संरक्षण र व्यवस्थापन, ढल सुचारू गर्ने तथा प्रदूषण रोकथाम र नियन्त्रणका लागि पहल तथा सिनसेसलाई सहयोग गर्ने । | **टोल समितिले आर्थिक सहयोग प्रदान**<br>प्रति घरधुरी मासिक रू ५०।०० वा वार्षिक रू. ६००।०० |
| टोल समिति | ब्लकभित्रको घरधुरीहरूले एकीन गरेको । कार्यगत एकता र समन्वय गर्न सहज हुने सीमाभित्रका घरधुरीहरूका महिला तथा पुरूष सदस्यहरूबाट निर्मित टोल समिति | टोल समिति गठन र परिचालन । टोल र चौकको नामाकरण । टोल, ब्लक र सिनसेसबीच एकद्वार प्रणालीमा कोष परिचालन । सरसफाइ र रंगरोगन, मार्गको नामकरण र घर नं. राख्ने, सडकबत्ती संभार, घरघरमा बिरूवा रोपण, फोहरबाट मोहर संकलन, कम्पोष्ट तयार गरी कौशी खेती, अपर्फट आइपरेका कार्यहरू (जस्तै : पानी निकास, चोरी रोकथाम, प्रदूषण रोकथाम) सञ्चालन । भाइचारा सम्बन्ध विकास, उद्यान समिति र ब्लक समिति तथा समाजलाई सहयोग गर्ने । | **प्रत्येक सदस्यले प्रति घरधुरी टोल समितिलाई सहयोग प्रदान**<br>मासिक रू. २००।०० वा वार्षिक रू. २४००।०० |

# समाजका गतिविधिहरू

## स्वच्छ वातावरण तथा उद्यान महोत्सव २०७५






# विश्व वातावरण दिवस २०७९










# विश्व वातावरण दिवस २०७९








# वातावरण संरक्षण सचेतना अभियान





## उद्यानहरू
















## कामपा वडा नं. ३२ मा छलफल









# सिनामंगल नगरसेवा समाजको कार्यालयमा बैठक र छलफल







# राष्ट्रिय वृक्षारोपण दिवस समारोह २०७९ र अभियन्ताहरू







HAPPY
DASHAIN | TIHAR | CHHATH
2079
"BEFORE THE GOLDEN SUN RISE, LET ME DECORATE EACH OF THE RAYS WITH WISHES OF SUCCESS, PROSPERITY, AND HAPPINESS FOR YOU AND YOUR FAMILY."
HAPPY DASHAIN 2079.
FOUNDER/PRINCIPAL
NEXUS INTERNATIONAL SCHOOL
WHY NEXUS ?
NEXUS INTERNATIONAL ACADEMY IS REDEFINED ACADEMIC ORGANIZATION EMERGING IN THE COLOSSAL OF MULTIFARIOUS EDUCATIONAL INSTITUTIONS. IT AIMS AT PROVIDING A SAFE, CARING AND CONGENIAL ACADEMIC ENVIRONMENT TO THE CHILDREN OF THIS MODERN ERA. NEXUS MAINTAINS ITS ACADEMIC ENVIRONMENT TRULY BELIEVING IN "STUDENTS NEED NO PRESSURE BUT ENVIRONMENT" AND FOCUSES ON RIGOROUS LEARNING THROUGH THE PRACTICAL ASSESSMENT AND ITS IMPLICATION IN REAL LIFE FOR THE HOLISTIC DEVELOPMENT OF A CHILD.
ENROL NOW
"BRINGING WORLD CLASS EDUCATION TO YOU"
Find More Info:
977-1-4990303 | 4990953
nexus.edu.np
35-Pepsicoal Town Planning, Kathmandu

# हार्दिक मंगलमय शुभकामना



हिन्दुहरूको महान पर्व
विजयादशमी,
शुभ दीपावली, छठ पर्व २०७९
तथा नेपाल सम्वत् ११४३
को उपलक्ष्यमा समस्त देशवासीमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।



## सडक डिभिजन काठमाडौं

.........................................................

## सडक डिभिजन काठमाडौंको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो । विभिन्न सडक खण्डमा अनधिकृत रूपबाट सडक सिमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, निर्माण सामाग्रीहरू सडकमै थुपार्ने, सडकमै सवारी साधन धुने, सडक नाली पुरी बाटो बनाउने, स्वीकृति नलिई जथाभावी सडक खन्ने तथा नालीमा ढल मिसाउने एवं फोहर फाल्ने इत्यादि कार्यका कारण सडक आवागमन तथा वातावरणमा समेत प्रतिकूल असर पर्ने हुनाले उपरोक्त कियाकलापहरू नगर्न नगराउनु हुन सम्बन्धित सबैलाई यस सडक डिभिजन हार्दिक अनुरोध गर्दछ ।

डिभिजन प्रमुख